**राष्ट्रिय झण्डाको सम्मान गरौं ।**

राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैनः
- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी ) राख्न ।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न ।
- व्यापारिक प्रयोजनका लागि दुरूपयोग गर्न ।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन ।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिन्ह राख्न ।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं ।

राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता,
पहिचान र स्वाभिमानको रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २४७ | काठमाडौं | मंगलबार, २२ पुस २०८२ | Prabhab National Daily | Tuesday, 06 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


### नागरिक उन्मुक्ति पार्टी

# स्थापनाको तीन वर्षमै तहसनहस

- रञ्जिता श्रेष्ठ नेकपामा, रेशमलाल चौधरी राजेन्द्र महतो र अशोक राईसँग चुनावी सहकार्यमा र लक्ष्मण थारू रास्वपा प्रवेश
- अनिश्चित बन्यो थरूहट आन्दोलनको भविष्य



■ जेबी योञ्जन

**काठमाडौं–** थारु समुदायको राजनीतिक प्रतिनिधित्व गर्ने दाबीका साथ उदाएको नागरिक उन्मुक्ति पार्टी (नाउपा) तीन वर्ष नबित्दै अवसानतर्फ उन्मुख भएको छ। नेतृत्व तहको निरन्तर टकराव, संगठनात्मक विघटन र शीर्ष नेताहरूको अलग-अलग राजनीतिक यात्राले पार्टीलाई व्यवहारतः निष्क्रिय बनाएको हो।

२०७९ को आमनिर्वाचनअघि गठन भएको नाउपाले पश्चिम तराईमा उल्लेखनीय प्रभाव जमाएको थियो। कैलाली र बर्दियाका स्थानीय तहदेखि प्रदेशसभा र प्रतिनिधिसभासम्म प्रतिनिधित्व हासिल गर्दै पार्टी राष्ट्रिय राजनीतिमा नयाँ शक्तिको रूपमा उदाएको थियो। संघ र प्रदेश सरकारमासमेत उक्त पार्टीबाट मन्त्री बनेका थिए।

तर, पार्टीको उभारसँगै सुरु भएको संरक्षक रेशमलाल चौधरी र अध्यक्ष रञ्जिता श्रेष्ठबीचको नेतृत्व विवाद समाधान हुन सकेन। पार्टीभित्र स्पष्ट दुई गुट देखिए। विवाद पार्टी बैठकदेखि संसद् र निर्वाचन आयोगसम्म पुग्यो। एकले अर्कोलाई कारबाही गर्ने शृंखलाले संगठनात्मक संरचना कमजोर बनायो।

गत १३ कात्तिकमा रेशमलालले अलग्गै दल दर्ता गरेपछि नाउपा औपचारिकरूपमा विभाजित भयो। तराई-मधेस मामिलाका जानकार तुलानारायण साहको विचारमा यसले पार्टीको संगठनात्मक संरचनामा गम्भीर धक्का पुऱ्यायो।

उसो त थारु समुदायका अगुवाहरूले त्यसबेला नै नाउपालाई आन्दोलनबाट विचलित भएको शक्ति भनेर आलोचना गरेका थिए। यसबीच यही ११ पुसमा रेशम-रञ्जिताबीच पार्टी एकीकरणको सम्झौता भएको थियो, जुन प्रयास असफल रह्यो।

क्रमशः पृष्ठ २ मा

## रास्वपाको समायोजन घोषणा

नागरिक उन्मुक्ति पार्टी र थरुहट आन्दोलनका एक समूहसँगै कुलमान घिसिङ र बालेन्द्र साह (बालेन) समूहलाई पनि औपचारिकरूपमा समायोजन गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सोमबार राजनीतिक समायोजनसभा आयोजना गऱ्यो।

सभामा नाउपाका पूर्वनेता लक्ष्मण थारु, दामोदर पण्डितलगायत नेताहरू समायोजनमा देखिए। रास्वपाका सबै शीर्षस्थ नेता न थिए नै। तर, कुलमान र बालेन देखिएनन्। दुवैको हलमा खोजी भएको थियो। उनीहरूका निकटस्थहरूले खोजी गर्दै भनेका थिए, 'खोई बालेन-कुलमान ?'

बालेनको सचिवालयका भूपदेव शाहले बालेन मेयरको हैसियतमै अहिले रहेकाले पार्टीको सार्वजनिक कार्यक्रममा तत्काल उनी सहभागी नहुने बताए।

'अहिले उहाँ मेयर हो। राजीनामा दिनुभएको छैन,' रास्वपा केन्द्रीय सदस्यसमेत रहेका शाहले भने, 'त्यसो हुँदा उहाँ तत्काल पार्टीको राजनीतिक गतिविधिमा सरिक हुनुहुन्न। उहाँको चाहना पनि छैन।'

क्रमशः पृष्ठ २ मा

### कांग्रेस विवाद

# विशेष महाधिवेशन रोक्न चौतर्फी घेराबन्दी

- गगनविरूद्ध देउवाले खटाए विमलेन्द्र निधिदेखि कृष्ण सिटौलासम्म
- संस्थापनइतरका नेता डा. शेखर कोइरालासमेत विशेष महाधिवेशन असफल पार्न सक्रिय
- केन्द्रले परिपत्र जारी गर्नासाथ पाँचवटा प्रदेश समितिद्वारा विशेष महाधिवेशनको औचित्य सकिएको भन्दै चुनावमा लाग्न पार्टीपंक्तिलाई आह्वान




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसमा महाधिवेशन विवाद उत्कर्षमा पुग्दा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा विशेष महाधिवेशन जसरी पनि सम्पन्न गर्न लागिपरेका छन्। उनीहरूले आह्वान गरेको विशेष महाधिवेशन आइतबारबाट सुरु हुने छ। उक्त महाधिवेशनमा उपस्थितिका लागि महामन्त्रीद्वयको पक्षबाट शनिबार सबैलाई काठमाडौं आइपुग्न उर्दी जारी गरिएको छ।

'फोड्न हैन, दम्भ र अहंकार तोड्न, एक्लै चुनाव लड्न सक्नेगरी कांग्रेसलाई जोड्न, २६ गते काठमाडौं जाऔं, विशेष महाधिवेशन सफल बनाऔं,' यही नारासहित विशेष पक्षधरले काठमाडौंमा उपस्थित हुन आह्वान गरिरहेको छ। महामन्त्रीद्वय थापा र शर्मासहित संस्थापनइतरका नेताहरूलेसमेत विशेष महाधिवेशन आयोजना गरेरै छाड्ने भन्दै पुस २७ र २८ गतेका लागि भृकुटीमण्डपको हल बुकिङ गरिसकेका छन्।

नेतृत्व परिवर्तन गरेरमात्र निर्वाचनमा जानुपर्ने भन्दै इतरपक्ष जोडतोडले विशेष महाधिवेशनको पक्षमा लाग्दा संस्थापनपक्ष भने चौतर्फी रूपमा यसलाई रोक्न लागिपरेको छ।

आइतबारमात्र कांग्रेस सभापति शेरबहादुर देउवाले विशेष महाधिवेशन रोक्न आफूनिकटका नेताहरूसँग महाराजगञ्जमा छलफल गरेका थिए।

क्रमशः पृष्ठ २ मा



विशेष महाधिवेशन औचित्यहीन हो। त्यसैले महाधिवेशन प्रतिनिधिलाई काठमाडौं नआउनू भन्ने निष्कर्ष भयो। सबैलाई निर्वाचनमा लाग्न आह्वान गर्ने निर्णय भयो

**विमलेन्द्र निधि**
नेता, नेपाली कांग्रेस



विशेष महाधिवेशन हुँदैन। विशेष महाधिवेशनको औचित्य सकियो भनेर केन्द्रीय कार्यसम्पादन समितिको बैठकले निर्णय गरिसकेको छ। पार्टीको निर्णय त्यही हो। त्यो निर्णय सबैले मान्नुपर्छ।

**कृष्णप्रसाद सिटौला**
नेता, नेपाली कांग्रेस

## कार्यवाहक सभापति खड्काले बुझेनन् ध्यानाकर्षणपत्र

आइतबार विशेष महाधिवेशन पक्षधरका नेताहरूले सानेपा पुगेर ध्यानाकर्षणपत्र बुझाउने प्रयास गरेका थिए। नेता देवराज चालिसेको नेतृत्वमा सानेपा पुगेको टोलीको पत्र कार्यवाहक सभापति पूर्णबहादुर खड्काले बुझ्न मानेनन्। यसअघि असोज २९ गते विशेष महाधिवेशन माग्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले गरेको हस्ताक्षर खड्काले बुझेका थिए। आइतबारको बैठकमा खड्कामाथि संस्थापनपक्षका अधिकांश नेताले यसबारे केरकार गरेपछि सोमबार भने उनी ध्यानाकर्षणपत्र लिन हच्केका थिए।

क्रमशः पृष्ठ २ मा

### सन्दर्भः वैदेशिक रोजगार

# इजरायल र ओमानसँग गरिने श्रम सम्झौता मन्त्रिपरिषद्बाट स्वीकृत

## इजरायलको केयरगिभर र कृषि क्षेत्रमा नेपाली श्रमिक पठाउन श्रम सम्झौता हुने

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले इजरायल र ओमानसँग गरिने श्रम सम्झौता स्वीकृत गर्ने निर्णय गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको हो।

इजरायलको केयरगिभर र कृषि क्षेत्रमा नेपाली श्रमिक पठाउने सम्झौता मन्त्रिपरिषद्बाट स्वीकृत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले जानकारी दिए। उनका अनुसार इजरायलले कृषि क्षेत्रका नेपाली विद्यार्थीहरूलाई कृषि र घरमा आधारित रोजगारी दिन भन्दै दुईवटा नयाँ सम्झौताको प्रस्ताव पठाएको थियो। मन्त्रिपरिषद्ले उक्त प्रस्ताव स्वीकृत गरेको हो। जसअनुसार विद्यार्थीहरूले सहायक श्रमिक (केयरगिभर)का रूपमा पाँच वर्षको रोजगारी पाउने छन्। अब यी दुई सम्झौतामा छिट्टै हस्ताक्षर हुने प्रवक्ता घिमिरेले बताए।

यो श्रम सम्झौताअन्तर्गत नयाँ प्रोटोकल स्वीकृत र पुरानोको परिमार्जन हुन लागेको उनले बताए। 'मन्त्रिपरिषद्ले इजरायल र नेपालबीच हुने श्रम सम्झौताअन्तर्गत थप दुईवटा प्रोटोकल स्वीकृत गरेको छ,' प्रवक्ता घिमिरेले भने, 'विगतमा दीर्घकालीन स्याहार केन्द्रमा श्रमिक पठाउनेमात्रै सम्झौता थियो। त्यो पनि परिमार्जन हुने छ। अब इजरायलका तीनवटै प्रोटोकलले पूर्णता पाएको छ।'

घिमिरेका अनुसार तीनवटा प्रोटोकलमा एउटा वृद्धवृद्धालाई स्याहारसुसार गर्ने यसअघिकै प्रोटोकललाई थप परिमार्जन गरिएको हो। इजरायलले बच्चा, युवा तथा ६५ वर्ष ननाघेका गम्भीर अपांगता भएकाहरूको स्याहारका लागि नेपालबाट केयरगिभर लग्दै आएको छ। दोस्रो, कृषि क्षेत्रमा अध्ययनका लागि गएका विद्यार्थीलाई रोजगारी दिने र तेस्रो, घरमा नै बसेर केयरगिभरमा रोजगारी दिने हो।

तीनवटै क्षेत्रमा जिटुजीमार्फत इजरायलले श्रमिक लग्ने मन्त्रालयले जानकारी दिएको छ। 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायल गएका विद्यार्थीहरूले कृषि क्षेत्रमै काम पाउने जनाइएको छ। उक्त कार्यक्रम एक वर्षभन्दा कम अवधिको हुन्छ। अहिलेसम्म इजरायलमा यो कार्यक्रममा धेरै विद्यार्थी जाँदै आएका छन्। सम्झौतामा हस्ताक्षर भएपछि उनीहरूले कामसमेत पाउने छन्।

त्यस्तै, घरमा नै बसेर वृद्धवृद्धा र शारीरिक अशक्तता भएका व्यक्तिको हेरचाहमा पनि रोजगारी दिने इजरायलले बताएको छ। यो क्षेत्रमा सन् २००७ देखि नै नेपालीहरू जाँदै आएका छन्। उनीहरू घरमै काम गरिरहेका छन्।

क्रमशः पृष्ठ २ मा

## ठगीबाट सचेत रहन बेलायतस्थित नेपाली दूतावासको आग्रह



**बेलायत (प्रस)-** बेलायतमा 'वर्क परमिट' दिलाइदिने बहानामा ठगीका घटना बढेको भन्दै सचेत रहन लण्डनस्थित नेपाली दूतावासले आग्रह गरेको छ। दूतावासले एक विज्ञप्ति जारी गर्दै कामका लागि प्रायोजक खोजिदिने बहानामा नेपालीहरू ठगीमा परेका गुनासो बढेकाले ठगीबाट बच्न आग्रह गरेको हो। ठगीमा परेको गुनासो गर्नेहरूमा नेपालबाट बेलायत आउन चाहनेहरूको संख्या धेरै रहेको दूतावासले जनाएको छ।

कतिपय बेलायतमै रहेका तर कामको खोजी गरिरहेका नेपालीसमेत ठगीमा परेको गुनासो बढिरहेको दूतावासको भनाइ छ। 'ठगी गर्नेहरू कतिपय नेपाली मूलका व्यक्तिहरू नै रहेको बुझिएको छ भने चिनेजानेकै नेपालीहरूमार्फत तेस्रो मुलुकका व्यक्तिहरूसँगको सम्पर्कमा पुगी ठगीमा परेकाहरूको गुनासो पनि आएको छ,' विज्ञप्तिमा उल्लेख छ।

क्रमशः पृष्ठ २ मा

### एसएमसी एपमार्फत ठगी प्रकरण

# एक चिनियाँसहित ११ जना पक्राउ

- पिरामिड संरचना खडा गरी संगठित अनलाइन ठगी
- करिब १६ लाख नेपाली एसएमसी एपमा आबद्ध भएको अनुमान
- पोञ्जी मोडल ठगीमा अपनाएको प्रहरीको अनुसन्धानबाट खुल्यो
- २५५ जना पीडितको उजुरीपछि अनुसन्धानमा थियो ब्युरो




■ प्रभाव संवाददाता

**काठमाडौं–** पैसा कमाउने लोभ देखाएर 'एसएमसी'नामक मोबाइल एप्लिकेसनमार्फत संगठितरूपमा अनलाइन ठगी गरेको आरोपमा प्रहरीले एक जना चिनियाँ नागरिकसहित ११ जनालाई पक्राउ गरेको छ। नेपाल प्रहरीको साइबर ब्युरोले काठमाडौं, रूपन्देही र पर्साबाट उनीहरूलाई नियन्त्रणमा लिएको हो।

साइबर ब्युरोका प्रवक्ता प्रहरी उपरीक्षक दीपकराज अवस्थीका अनुसार एसएमसी एपबाट ठगी भएको भन्दै साउनयता लगातार उजुरी पर्न थालेपछि विस्तृत अनुसन्धान सुरु गरिएको थियो। अनुसन्धानकै क्रममा संगठित समूहले विद्युतीय माध्यम प्रयोग गरी ठगी गरेको प्रमाण फेला परेपछि अभियुक्तहरूलाई पक्राउ गरिएको उनले बताए।

पक्राउ पर्नेमा ३७ वर्षीय चिनियाँ नागरिक जियाङ ज्याङ छन्। नेपाली नागरिकतर्फ रामेछाप नगरपालिका-७ का २१ वर्षीय मिलन श्रेष्ठ, तनहुँको बन्दीपुर-३ का १९ वर्षीय सौगात थापा, नुवाकोटको किस्पाङ-४ का ३३ वर्षीय वीरबहादुर तामाङ रहेका छन्। यस्तै, चितवन खैरहनी-६ की २३ वर्षीया सोनम खातुन, काठमाडौं टोखा-१० की २३ वर्षीया प्रिया केसी, गुल्मी कालीगण्डकी-७ की २२ वर्षीया मोनिका गुरुङ, धादिङ गंगाजमुना-३ की २१ वर्षीया गीता गुरुङ, पर्सा वीरगञ्जका ३७ वर्षीय नासिर मिया अन्सारी, ६६ वर्षीया सायरा खातुन र बाराको कलैयाका ६७ वर्षीय रामनिवासप्रसाद कलवार छन्।

ब्युरोमा दर्ता भएका २५५ वटा उजुरीअनुसार ठगी रकम १२ करोड आठ लाख १६ हजार रूपैयाँ पुगेको छ। एउटै निवेदनमा परिवारका धेरै सदस्य पीडित भएको उल्लेख गरिएको छ। गाउँ-गाउँमा ठूलो संख्यामा पीडित भए पनि धेरैजसो उजुरी दिन प्रहरीसम्म नआएको ब्युरोको भनाइ छ। पीडितको संख्या अस्वाभाविक रूपमा बढ्दै गएपछि प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले साइबर ब्युरोलाई गहिरो अनुसन्धान गर्न निर्देशन दिएका थिए।

प्रहरीका अनुसार करिब १६ लाख नेपाली एसएमसी एपमा आबद्ध भएको अनुमान छ। एपमार्फत विभिन्न 'प्याकेज' खरिद गर्न लगाउने, सुरुआती चरणमा आकर्षक नाफा देखाउने तर पछि ठूलो लगानी भएपछि खाताबाट पैसा झिक्न नमिल्ने बनाएर ठगी गरिएको पीडितहरूको भनाइ छ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## विशेष...

उक्त छलफलपछि विशेष महाधिवेशन औचित्यहीन भएको निष्कर्ष देउवापक्षले निकालेको थियो । 'विशेष महाधिवेशन औचित्यहीन हो । त्यसैले महाधिवेशन प्रतिनिधिलाई काठमाडौं नआउनू भन्ने निष्कर्ष भयो । सबैलाई निर्वाचनमा लाग्न आह्वान गर्ने निर्णय भयो,' बैठकलगत्तै कांग्रेस नेता विमलेन्द्र निधिले भने ।

निधिसँगै बैठकमा कृष्णप्रसाद सिटौला, शशांक कोइराला, प्रवक्ता डा. प्रकाशशरण महतलगायत पुगेका थिए । सोमबार बिहान सिटौलाले पनि विशेष महाधिवेशन हुँदै नहुने ठोकुवा गरे । 'विशेष महाधिवेशन हुँदैन । विशेष महाधिवेशनको औचित्य सकियो भनेर केन्द्रीय कार्यसम्पादन समितिको बैठकले निर्णय गरिसकेको छ । पार्टीको निर्णय त्यही हो । त्यो निर्णय सबैले मान्नुपर्छ,' सिटौलाले भने ।

यतिमात्र हैन सिटौलाले गगन-विश्वको मुख हेरेर भोट नआउने तर्कसमेत अघि सारे । 'चुनावमा कुनै व्यक्तिको अनुहार हेरेर भोट आउँदैन । निर्वाचनमा पार्टीले देशका लागि गरेको योगदान, विकास निर्माणमा पुर्‍याएको योगदानको आधारमा मूल्यांकन हुन्छ । अर्को कुरा भविष्यमा के गर्ने भनेर गरिने घोषणापत्रको आधारमा हुन्छ,' सिटौलाले भने ।

विशेष महाधिवेशन पक्षधरले गगनलाई सभापति बनाएर फागुन २१ गतेको निर्वाचनमा प्रधानमन्त्रीको उम्मेदवार बनाउनुपर्ने माग गरिरहेका छन् । यसैप्रति कटाक्ष गर्दै सिटौलाले यस्तो धारणा राखेका हुन् । १३औं महाधिवेशनमा सिटौला र गगन एकै समूहबाट संस्थापन पक्षविरुद्ध भिडेका थिए । त्यतिबेला सिटौला सभापति र गगन महामन्त्रीका उम्मेदवार थिए । पछि १४औं महाधिवेशनमा गगनले सिटौलाको साथ छाडेका हुन् ।

यसपटक भने गगनविरुद्ध संस्थापनपक्षले सिटौलालाई परिचालन गरेको हो । यतिमात्र हैन कांग्रेस केन्द्रले सोमबार दिउँसो विशेष महाधिवेशनमा नलाग्न भन्दै पार्टीका सबै तहलाई परिपत्रसमेत जारी गर्‍यो । केन्द्रीय कार्यसम्पादन समितिको निर्णय भन्दै कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जारी गरेको परिपत्र अत्यन्त जरुरी भनिएको छ । परिपत्र हत्तपत्त सार्वजनिक नगर्ने कांग्रेसले यसपटक भने आफ्नो फेसबुक पेजमार्फत विज्ञप्तिसाहित उर्दी नै जारी गरेको हो ।

'नियमित १५औं महाधिवेशनको कार्यतालिकाबमोजिम आवश्यक प्रक्रिया अघि बढिसकेको सन्दर्भमा विधानबमोजिम समयमै नियमित १५औं महाधिवेशन वा सोही अवधिमा विशेष महाधिवेशन गर्न भनी माग गरिएको विशेष महाधिवेशनको औचित्य २०८२ मंसिर १५ गतेदेखि नै स्वतः समाप्त भएको व्यहोरा स्पष्ट गरिन्छ,' उक्त परिपत्रमा भनिएको छ । फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन तोकिसकेको अवस्थामा प्रदेश, जिल्ला, प्रतिनिधिसभा, प्रदेशसभा क्षेत्र, पालिका, वडा एवं टोल तहका समितिहरू तथा पार्टीका भ्रातृ एवं शुभेच्छुक संस्था र विदेशस्थित नेपाली जनसम्पर्क समितिहरू एवं पार्टीका सदस्य, समर्थक र शुभेच्छुकहरूको सम्पूर्ण ध्यान निर्वाचन केन्द्रित हुनुपर्ने परिपत्रमा उल्लेख गरिएको छ । 'पार्टीका उल्लिखित सबै सांगठनिक संरचनामा आबद्ध सदस्य साथीहरू व्यापक परिचालित भई घोषित निर्वाचनमा नेपाली कांग्रेसको पक्षमा बहुमत दिलाउन क्रियाशील रहन नेपाली कांग्रेस हार्दिक अपिल गर्दछ,' परिपत्रमा भनिएको छ ।

केन्द्रको परिपत्र आउनासाथ कांग्रेसका पाँच प्रदेश समितिले विशेष महाधिवेशनको औचित्य सकिएको भन्दै चुनावमा लाग्न पार्टीपंक्तिलाई आह्वान गरेका छन् । कोशी प्रदेश सभापति उद्धव थापा, मधेसका सभापति कृष्णप्रसाद यादव, बागमतीका इन्द्र बानियाँ, कर्णालीका ललितजंग शाही र सुदूरपश्चिमका वीरबहादुर बलायरले संयुक्त वक्तव्य जारी गरेका हुन् । विज्ञप्तिमा गण्डकी र लुम्बिनी प्रदेशका सभापतिको भने हस्ताक्षर छैन । गण्डकीका सभापति शुक्रराज शर्मा र लुम्बिनीका सभापति अमरसिंह पुन गगननिकट हुन् ।

यतिमात्र हैन कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालासमेत विशेष महाधिवेशन असफल पार्न सक्रिय छन् । मध्यमार्गी बाटो खोज्ने बाहनामा शेखरले आफूनिकटका महाधिवेशन प्रतिनिधिसँग हस्ताक्षर फिर्ता लिन दबाब दिएका छन् । शेखरनिकट सहमहामन्त्री जीवन परियारले महामन्त्रीद्वयले भनेको जे पनि सही नहुने बताएका छन् । 'अब विशेष महाधिवेशन जसरी पनि गर्ने भन्ने सन्दर्भमा यो उहाँ (महामन्त्री)को कुरा भयो । सबैको विचार एउटै हुनुपर्छ भन्ने छैन । त्यसैले उहाँले जे भन्नुभएको थियो, त्यही नै सही हो । मैले जे भनेको छु, त्यही नै सही हो भन्ने त हुँदैन,' परियारले शनिबार भनेका छन् ।

■■■

## कार्यवाहक...

उक्त पत्रमा आफूहरूले निर्वाचनअघि महाधिवेशन माग गरेको उल्लेख गरिएको छ । 'हामीले चुनावपूर्व अधिवेशन मागेका हौं, क्यालेण्डर होइन । सो सम्पन्न हुन नसके विशेष अधिवेशन बोलाइयोस् भन्ने हाम्रो विधिसम्मत माग हो, जसलाई विधानले जीवित राखेको छ,' पत्रमा भनिएको छ ।

ध्यानाकर्षणपत्रमा केन्द्रीय कार्यसम्पादन समितिलाई विशेष महाधिवेशनको औचित्य समाप्त भयो भन्ने अधिकार नभएकोसमेत तर्क गरिएको छ । 'आफूलाई निर्वाचित गर्ने सर्वोच्च निकाय महाधिवेशनका बहुमत प्रतिनिधिले मागेको विशेष महाधिवेशनको औचित्य समाप्त गर्ने अधिकार केन्द्रीय कार्यसम्पादनलाई हुन सक्दैन,' पत्रमा भनिएको छ, 'हामी पुनः आग्रह गर्न चाहन्छौं- विधानले तोकेको समयसीमा 'तीन महिना' अर्थात् २०८२ पुस २८ भित्रै विशेष महाधिवेशन अनिवार्यरूपमा सम्पन्न गर्नैपर्छ । यो व्यवस्था कसैको रहर वा छनोटको विषय होइन । पार्टी विधानको धारा १७ (२) को यो बाध्यकारी व्यवस्था हो, यसको कार्यान्वयन पार्टी केन्द्रको कर्तव्य र जिम्मेवारी हो ।'

■■■

## स्थापनाको...

त्यसपछि रञ्जिताले आफू नेतृत्वको नागरिक उन्मुक्ति पार्टीलाई नेपाली कम्युनिस्ट पार्टी (नेकपा)मा मिसाइन् । उनी नेकपाको समानुपातिक बन्दसूचीमा छिन् ।

यसपछि रेशमलालले राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति क्रान्ति नेपाल र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीसँग सहकार्यको बाटो रोजे । नाउपाका अर्का प्रभावशाली नेता लक्ष्मण थारु आफ्ना समर्थकसहित सोमबार राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरे ।

नेतृत्व तहका यी अलग-अलग निर्णयसँगै नाउपाको सांगठनिक संरचना र राजनीतिक पहिचान लगभग समाप्त भएको विश्लेषक साह बताउँछन् । 'नाउपा एक तरिकाले भन्दा अब रहेन, यसको पार्टी संरचना र राजनीतिक पहिचान सकियो भन्दा हुन्छ,' उनले प्रभावसँग भने ।

राज्यसत्ताबाट सदियौंदेखि उत्पीडिनमा परेका थारुहरूको दुखेसो आजपर्यन्त छ । त्यसकै खातिर राजनीतिक मोर्चामा संगठित शक्ति खडा गरेर संघर्ष गर्ने उनीहरूको अभिष्ट थियो ।

त्यसका लागि पृष्ठभूमि टीकापुर घटनाले बनाइदियो । ७ भदौ २०७२ मा कैलालीको टीकापुरमा तत्कालीन अखण्ड सुदूरपश्चिम र थरुहट पक्षधरहरूबीच तनाव भएको बेला नेपाल प्रहरीका एसएसपी लक्ष्मण न्यौपानेसहित सात जनाको हत्या भयो । यो हत्या घटनामा तत्कालीन सरकारले थरुहट आन्दोलनकारीहरूलाई जिम्मेवार ठहर्‍यायो । आन्दोलनका नेताहरू रेशमलाल चौधरी, लक्ष्मण चौधरीलगायत थिए ।

त्यसबेला थारुहरूमाथि सरकारी पक्ष (सुरक्षाकर्मी) बाट दमन भयो । थारुहरूका घर जलाइए । कतिपय महिलाहरू बलात्कृत भए । मुद्दा लाग्यो । रेशमसहित थुप्रै नेता पक्राउ परे । यहीबीच २०७४ को प्रतिनिधिसभा निर्वाचन भयो । निर्वाचनमा कैलाली-१ बाट अभूतपूर्व जनमतसहित फरार रहेकै अवस्थामा रेशम निर्वाचित भए । पछि उनले प्रहरीसँग आत्मसमर्पण गरे । अनि, कैद सजाय भोग्नुपर्‍यो । अरु थारु आन्दोलनकारी पनि जेल पुगे । यसलाई रेशमसहितका नेताहरूले भने, 'थहरूट आन्दोलनलाई सरकारले अपराधीकरण गर्‍यो ।'

यही भावनालाई उनीहरूले राजनीतिक शक्तिमा बदल्न चाहे । अन्ततः २०७९ को चुनावअघि गठन भयो- नागरिक उन्मुक्ति पार्टी । तर, यो दल स्थापनाको तीन वर्षमै विलुप्तको स्थितिमा पुगेको छ । नेकपा पुगेकी नेत्री रञ्जिता भने भने यो स्वीकार्न तयार छैनन् । 'थरुहट आन्दोलन अझै जीवित छ । भोलि पनि हुने छ र कोही लाखापाखा लागे भन्दैमा आन्दोलन तलमाथि हुँदैन,' उनले भनिन् ।

थारुहरू संविधान जारी हुनुअघि तराईका कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, पर्सालगायत जिल्लालाई थरुहट बनाउनुपर्ने भन्दै आन्दोलित थिए । तर, संविधानमा आन्दोलनको सम्बोधन भएन । यही मुद्दासमेत उठान गरेर स्थापित नाउपाका नेताहरू तीनतिर छरिँदा पार्टीको नामोनिशाना नरहने स्थितिमा पुगेको छ ।

■■■

## रास्वपाको...

कुलमान भने आफ्नो पक्षबाट केन्द्रीय समितिमा मनोनीत हुनेहरूको नाम नटुंगिएका कारण कार्यक्रममा नदेखिएको बताइएको छ । आइतबार सचिवालय बैठकले तत्कालीन विवेकशील साझा पार्टी र बालेन समूहबाट मात्रै केन्द्रीय सदस्य मनोनीत गरेको थियो ।

सभापति लामिछानेले भने पार्टीमा बाहिर हल्ला चलेजस्तो कुनै विमति नभएको र बलियो शक्ति निर्माणको दिशामा रहेको बताए । उनले ठूला दलका शीर्ष नेताप्रति कटाक्ष पनि गरे । पार्टीको समायोजन घोषणासभालाई सम्बोधन गर्दै उनले आफूमाथि लागेको मुद्दा मामिलालाई प्रतिशोध भन्दै कटाक्ष गरेका हुन् ।

उनले शीर्ष नेताप्रति रिस पोख्दै भने, 'मलाई पुर्न साढे छ फिटको खाल्डो खने हुन्छ भनेकै हो तर यति ठूलो खाल्डो खन्नुभयो तपाईंहरूलाई नपुरी सुखै छैन ।' उनले पुराना दलहरू एक जुट भएर रास्वपामाथि आक्रमण जारी राखेको पनि बताए । निर्वाचन हुन नदिन कसैले षड्यन्त्र नगर्न पनि लामिछानेले आग्रह गरे ।

■■■

## इजरायल...

हाल इजरायलमा पाँच हजार नेपाली कार्यरत रहेका बताइन्छ । २०८१ असार ११ गते केयरगिभरका लागि आवेदन आह्वान भएपछि चार हजार २४ जनाले अनलाइन फाराम भरेका थिए । जसमध्ये दुई हजार ११२ जना गोलाप्रथाबाट छनोट भएर इजरायल जान तयार पारिएको थियो । पहिलो लटका करिब २०० जना मेडिकलका लागि बाँकी रहेको जनाइएको छ । जेटुजीमार्फत सन् २०२० यता करिब दुई हजार जना इजरायल पुगेको वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

सोमबारकै मन्त्रिपरिषद् बैठकले नेपाल र ओमान सरकारबीच हुने सम्झौतापत्र पनि स्वीकृत गरेको छ । खाडी राष्ट्र ओमानसँग श्रम सम्झौता नभए पनि नेपालीहरू रोजगारीका लागि जाँदै आएका छन् । त्यहाँ मासिक औसतमा आठदेखि ९०० को हाराहारीमा श्रमिक जाने गरेको तथ्यांक छ । त्यहाँ हाल करिब २५ हजार नेपाली कार्यरत रहेको बताइन्छ ।

■■■

## ठगीबाट...

यस्ता अपराधहरू नेपाल र बेलायत दुवै मुलुकमा दण्डनीय हुने हुनाले समस्या परेको खण्डमा नेपालका अनुसन्धान गर्ने निकायहरू तथा बेलायतमा रहेका स्थानीय प्रहरी एवं नेसनल एण्टी फ्रड नेटवर्क (एक्सन फ्रड) मा उजुरी गर्नसमेत दूतावासको सुझाव छ ।

बेलायतका लागि कार्यवाहक नेपाली राजदूत विपिन दुवाडीले प्रमाणसहित आउने पीडितको न्यायका लागि सहजीकरण गर्न दूतावास तयार रहेको बताए । समस्यामा परेका नेपालीलाई दूतावासको इमेल वा फोन नम्बरमा सम्पर्क गर्न दूतावासले आग्रह गरेको छ ।

■■■

## एक...

एसएमसी एप साउनको तेस्रो सातातिर सञ्चालनमा आएको र कात्तिक मसान्तसम्म बन्द भएको देखिएको छ । यसमा सामान्य नागरिकदेखि शिक्षक र कर्मचारीसम्म फसेको प्रहरीले जनाएको छ ।

अनुसन्धानका क्रममा ठगी समूहले कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाणपत्र देखाउने, भौतिक कार्यालयसमेत स्थापना गरी 'पूर्णतः कानुनी कारोबार' जस्तो देखाएर सर्वसाधारणलाई भ्रममा पारेको खुलेको छ । साथै, युनिभर्सल, वार्नर ब्रदर्स र डिज्नीजस्ता विश्वप्रसिद्ध फिल्म कम्पनीसँग सहकार्य रहेको र चलचित्रका विज्ञापन हेरेबापत पैसा पाइने झूटो दाबी गर्दै एपमा आबद्ध गराइएको प्रहरीले जनाएको छ ।

एसएमसी एपमा सदस्यहरूलाई पिरामिड संरचनामा तीन तहमा विभाजन गरी नयाँ सदस्य भर्ना गरेबापत आकर्षक कमिसनको प्रलोभन देखाइएको थियो । लेभल 'ए' मा १२५ कमिसन र दैनिक कामबाट ५५, लेभल 'बी' मा ४५ कमिसन र दैनिक २५ तथा लेभल 'सी' मा १५ कमिसन र दैनिक १५ आम्दानी हुने भन्दै लगानी गराइएको अनुसन्धानबाट खुलेको छ ।

तर, कुनै वास्तविक व्यापारिक गतिविधि नभई नयाँ सदस्यबाट संकलित पैसाबाट पुराना सदस्यलाई प्रतिफल दिने 'पोन्जी मोडल' अपनाइएको देखिएको ब्युरोले जनाएको छ । पक्राउ परेका व्यक्तिहरूमाथि विद्युतीय कारोबार ऐन र ठगीसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको छ ।

# मधेसमा सद्भाव कायम राख्न अपिल

**धनुषा (प्रस)**– मधेस प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले पछिल्ला दिनहरूमा केही स्थानमा देखिएका अस्वाभाविक गतिविधि र असमझदारीप्रति चिन्ता व्यक्त गर्दै समाजमा शान्ति, सद्भाव र सामाजिक एकता कायम राख्न सबैमा अपिल गरेका छन् ।

उनले सोमबार एक सन्देश जारी गर्दै मधेस विभिन्न भाषा, धर्म, संस्कृति र परम्पराको सुन्दर संगमस्थल भएको उल्लेख गर्दै परापूर्वकालदेखि नै आपसी सम्मान, सहिष्णुता र भाइचाराको संस्कारलाई आत्मसात् गर्दै आएको बताए । प्रदेश प्रमुख कर्णले 'अतिथि देवो भवः' र 'वसुधैव कुटुम्बकम्' जस्ता मूल्यमान्यताले मधेसी समाजलाई एकताबद्ध बनाउँदै आएकाले त्यसलाई आत्मसात् गर्न आग्रह गरे ।

उनले समाजलाई विभाजन गर्ने तत्वहरूबाट सचेत रहन आग्रह गर्दै कुनै पनि किसिमको उत्तेजना वा आवेगमा नआई धैर्य अपनाउन सबै नागरिकलाई अनुरोध गरेका छन् । विचार र आस्था फरक हुन सक्ने भए पनि मानवीय पहिचान र सामाजिक एकता साझा भएको प्रदेश प्रमुख कर्णको भनाइ छ ।

उनले सामाजिक सञ्जाल वा अन्य माध्यमबाट कसैको भावनामा चोट पुग्ने खालका गतिविधि नगर्न आग्रह गर्दै समाजमा अमनचयन कायम राख्न सबै एकजुट हुनुपर्नेमा जोड दिए । संवाद र सहकार्य नै हरेक समस्याको समाधान भएको उल्लेख गर्दै प्रदेश प्रमुख कर्णले मधेस केवल विविधताको भूमि मात्र नभई अटुट एकता र प्रेमको भूमि भएको पुनः प्रमाणित गर्न सबैलाई आह्वान गरेका छन् ।

**दुर्गाथली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चौधारी, बझाङ्ग**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/२२)**

यस कार्यालयबाट मिति २०८२/०९/०२ गतेको प्रकाशित बोलपत्र आह्वान सम्वन्धी सूचना अनुसार निम्न ठेक्काको लागि रित पूर्वक हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद ऐन २०६३को दफा२७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपशिलः-**

| सि.न. | बोलपत्र नम्वर र कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अङ्क (VAT र PS बाहेक) |
|---|---|---|---|
| 1. | 02/WORKS/SQ/DRM/2082/083 | Nuwadeu Construction Durgathali 7, Bajhang | 8,16,440.78/- |
| 2. | 03/WORKS/SQ/DRM/2082/083 | Nuwadeu Construction Durgathali 7, Bajhang | 10,16,206.63/- |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति : २०८२/९/२२ गते

यस कम्पनीको मिति २०८२/८/२० को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी होप एजुकेशनल एकेडेमी प्रा. लि. को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ती तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/९/३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी प्रकृति पाठशाला प्रा. लि. (प्रा. लि. नं. ३८०१३/६२/६३) कायम गरिएको व्यहोरा सम्बन्ध सबैका लागि जानकारी गराईन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७५/०६/०२ मा दर्ता भएको श्री **फेन्सी फाइवर पेपर ब्याग प्रोडक्ट एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. १९८९४०)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७७/०३/१५ मा दर्ता भएको श्री **रुट्स टु योगा प्रा.लि. (प्रा.लि. नं. २३७५६८)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**आमचोक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बालंखा, भोजपुर**

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः- २०८२।०९।२२)**

यस गाउँपालिकाको वडा नं. ४ स्थित "बालंखा बजार एकिकृत बस्ती विकास" का लागि ठेक्का प्रकृया बढाउन पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायी/फर्महरुबाट तोकिएको शर्तहरुको अधिनमा रहि निम्न लिखित मिति भित्र विद्युतिय खरिद प्रकृया (www.bolpatra.gov.np) मार्फत बोलपत्र पेश गर्नहुन अनुरोध छ ।

| S.N | Description of work | Average Annual Turnover | Last Date and Time of Submission | Opening Date and Time | Bid Document Amount | Bid Security Amount |
|---|---|---|---|---|---|---|
| 1 | Balankha Bazaar Ekikrit Basti Bikas ARM/NCB/WORKS /01/2082-083) | Rs. 1,51,84,000/- | 2082-10-22 At 12:00 PM | 2082-10-22 At 14:00 PM | Rs. 5,000.00 ga 1.1-02615391751 (Rajaswa Khata) ( Siddhartha Bank LTD | Rs. 7,60,000 ga.03-02615136176 (Dharauti Khata) ( Siddhartha Bank LTD) |

**विस्तृत विवरण** :- www.bolpatra.gov.np मा उपलब्ध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## जाँचबुझ आयोगको प्रतिवेदन 'कर्मकाण्डी' नबनोस्

भदौ २३ र २४ गते भएको जेन–जी विद्रोहको क्रममा भएको सरकारी दमनको अध्ययन गर्न सरकारले असोज ५ मा गौरीबहादुर कार्कीको संयोजकत्वमा जाँचबुझ आयोग गठन गर्‍यो । उक्त आयोगले तीन महिना कटेपछिमात्र त्यतिबेला सरकारको नेतृत्व गरिरहेको प्रधानमन्त्री केपी शर्मा ओलीको बयान लियो । राष्ट्रिय मानवअधिकार आयोगले बयान लिएलगत्तै झटपट कार्की नेतृत्वको आयोगले पनि बयान लिएको हो । त्यो पनि ओलीनिवास गुण्डुमै पुगेर । लिखितरूपमा लिएको भनिएको बयानमा ओलीले 'रेडिमेड' जवाफ दिएकोमा शंका छैन ।

भदौ २३ गते नयाँ बानेश्वरस्थित संसद् भवनअगाडि जसरी एकैछिनमा १९ जना युवाको हत्या गरिएको थियो, त्यही आक्रोशमा भदौ २४ गते देशभर तोडफोड तथा आगजनी भए । सरकारीपक्ष र राजनीतिक दलहरूले भदौ २४ देखाउँदै भदौ २३ लाई नजरअन्दाज गर्न खोजिरहेका छन् । सरकारले फागुन २१ गते तोकेको प्रतिनिधिसभा निर्वाचनतिर औंला देखाउँदै कांग्रेस–एमालेका नेताहरूले जाँचबुझ आयोगलाई कमजोर बनाउने प्रयास यसअघि नै थालिसकेका थिए । अझ अहिले त निर्वाचनको मुखैमा प्रतिवेदन तयार गर्दै छ । यो आयोगलाई माघ ५ भित्र प्रतिवेदन बुझाउने कार्यादेश छ ।

अब के कार्की आयोगले निष्पक्ष प्रतिवेदन तयार गर्ला त ? जेन–जी विद्रोहमा प्रस्टरूपमा त्यतिबेला सरकारमा रहेका प्रधानमन्त्री ओली, गृहमन्त्री रहेका कांग्रेस नेता रमेश लेखक, त्यतिबेलाका गृहसचिव गोकर्ण दवाडी, त्यतिबेलाका प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ, काठमाडौंका प्रमुख जिल्ला अधिकारी छवि रिजाल दोषी देखिन्छ । त्यतिबेला काठमाडौंको सुरक्षा कमाण्ड सम्हालेका यी व्यक्तिहरूलाई बयान लिन जाँचबुझ आयोगलाई निकै सकस परेको थियो ।

निर्वाचनमा दलका नेताहरूलाई नभड्काउनू भन्ने दबाबका कारण आयोगलाई ओली र लेखकको बयान लिनसमेत मुस्किल भयो । त्यसैले पनि कार्की आयोगको चालामाला हेर्दा निष्पक्ष छानबिन र निष्पक्ष सुझाव आउने सम्भावना निकै कम भएको सरकारमै रहेका मन्त्रीहरू बताउँछन् । यसो भएमा सरासर जेन–जी विद्रोहको अपमान हुने छ । प्रतिवेदनमा किटानीका साथ दमनमा संलग्न जोसुकै नेता होस्, नाम आउनुपर्छ । यो निर्वाचनअघि नै सार्वजनिक गर्नुपर्छ ।

यसरी उनीहरूको किटानी प्रतिवेदन आएमा पुनः राजनीतिक नेतृत्वमा आउने बाटो बन्द हुन सक्छ । यो सुशासनका लागि सुखद विषय हुने थियो । त्यसैले निर्वाचनको वातावरण बनाउन र शीर्ष दलका शीर्ष नेताको साख जोगाउन भन्दै सरकारी पक्षबाट हुने दबाबको पछि नलागेर प्रतिवेदन लेखियोस् । प्रतिवेदन दूधको दूध, पानीको पानी भएर सार्वजनिक होस् । तबमात्र जेन–जी विद्रोहले देखाएको बाटोतिर देश अघि बढ्ने छ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ। यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# निजी अस्पताल सञ्चालन र सरकारी नीति



❑ लोकबहादुर टण्डन

नेपालमा पछिल्ला दशकहरूमा निजी क्षेत्रबाट अस्पताल सञ्चालन तीव्ररूपमा विस्तार भएको छ । सार्वजनिक स्वास्थ्य सेवाको सीमित क्षमता, बढ्दो जनसंख्या र स्वास्थ्यप्रतिको सचेतनाले निजी अस्पतालहरूको भूमिकालाई महत्त्वपूर्ण बनाएको छ ।

वि.सं. २०४० पछिको उदारीकरण नीतिपछि निजी क्षेत्र स्वास्थ्य सेवामा प्रवेश गर्न थालेको हो । राष्ट्रिय स्वास्थ्य नीति २०४८ ले स्वास्थ्य क्षेत्रमा निजी लगानीलाई प्रवर्द्धन गरेपछि स्वास्थ्य क्षेत्रमा निजी सहभागिता बढेर गएको छ । सुरुमा नर्सिङ होम र साना क्लिनिकबाट सुरु भएको निजी क्षेत्रको लगानी अहिले बहुविशेषज्ञ अस्पतालसम्म पुगेको छ ।

अहिले पनि भारतका एपोलो, मेदान्तजस्ता अस्पतालमा ५१ प्रतिशत बिरामी नेपालबाट गएकाहरू नै हुने गरेको तथ्यांक छ । थाइल्याण्ड, सिंगापुरलगायतका अन्य मुलुकहरूमा पनि उपचारका लागि जानेहरूको संख्या पनि बढिरहेको छ । शिक्षा, स्वास्थ्य र मनोरञ्जनमा बर्सेनि विदेसिने अर्बौं रूपैयाँ नेपालमै रोक्न सरकारले विशेष नीति ल्याउन आवश्यक छ । नेपाली चिकित्सकहरूले जटिलभन्दा जटिल रोगको उपचार र शल्यक्रियाहरू गर्न सक्षम छन् र त्यो सेवा दिन नेपालका निजी अस्पतालहरू तयार छन् ।

अवसरको खोजीमा विदेशमा गएका चिकित्सकहरूलाई स्वदेशमै फर्केर सेवा गर्ने वातावरण तयार गर्न सकिएमा विदेशमा उपचारार्थ जाने बिरामीको संख्या आधाभन्दा बढी घटाउन सकिन्छ । राज्यले करोडौं लगानी गरेर सरकारी अस्पतालहरूमा स्थापना गरेका उपकरणहरू राम्ररी सञ्चालनमा आउनै नपाई बिग्रने, बिरामीले भरपर्दो उपचार सेवा नपाउने र राजनीतिक दबाब र प्रभावबाट सेवा चुस्त दुरुस्त नहुने समस्या रहँदै आएको छ । बिरामीले घण्टौं लाइनमा बस्नुपर्ने, शयचा पाउनका लागि पनि भनसुन गराउनुपर्ने, एउटै चिकित्सकले एकैपटक धैरै बिरामीको उपचार गराउनुपर्ने बाध्यता रहेकाले बिरामीहरू निजी अस्पतालमा जान बाध्य छन् ।

निजी अस्पतालहरूले आफ्नो क्षमताले भ्याएसम्म गुणस्तरीय स्वास्थ्य उपचार सेवा दिंदै आएका छन् । निजी अस्पतालहरू कम्पनी ऐन/सहकारी ऐनअन्तर्गत दर्ता भएर सञ्चालन भएका हुन्छन् । निजी स्वास्थ्य संस्था सञ्चालन ऐन तथा नियमावली र स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तर निर्धारण मापदण्ड-२०७० ले अस्पताल सञ्चालनका विभिन्न मापदण्डहरू निर्धारण गरेको छ । अहिले प्रदेश सरकार र स्थानीय तहबाट इजाजत अनिवार्य गरिएको छ ।

### स्वास्थ्य सेवामा निजी अस्पतालको भूमिका

नेपालको स्वास्थ्य सेवामा निजी अस्पतालहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । सरकारी अस्पतालहरूले पनि दिन नसकेको विशेषज्ञ तथा सुपर-स्पेसालिटी सेवा निजी अस्पतालहरूले प्रदान गरेका छन् । निजी अस्पतालहरूमा आकस्मिक सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवा, शल्यक्रिया, आइसियू, एनआइसियू, डायग्नोस्टिक सेवा (सिटी, एमआरआई ल्याब) तथा विशेषज्ञ परामर्श सेवा उपलब्ध छन् । आधुनिक प्रविधि र उपकरणको प्रयोग गरी स्वदेशमै भरपर्दो र सुलभ स्वास्थ्य सेवा उपलब्ध भएको छ । सरकारी अस्पतालमा पर्ने बिरामीको चाप घटाउन पनि निजी अस्पतालहरूको भूमिका रहेको छ । पछिल्लो समय नेपालमा स्वास्थ्य पर्यटनको सम्भावनालाई पनि बढाएको छ ।

मुलुकको आर्थिक विकासमा निजी अस्पतालहरूको योगदानलाई बिर्सन हुँदैन । आज हजारौं स्वास्थ्यकर्मी (डाक्टर, नर्स, प्राविधिक) हरूलाई स्वदेशमै रोजगारीको अवसर मिलेको छ । झण्डै दुई लाख स्वास्थ्यकर्मीहरूले प्रत्यक्ष रोजगारी पाएका छन् । सहरी क्षेत्रमामात्र नभएर ग्रामीण क्षेत्रमा पनि निजी अस्पताल तथा स्वास्थ्य केन्द्रहरू सञ्चालनमा आउँदा सेवाको पहुँचको विस्तार र विकल्पको अवसर प्राप्त भएको छ । स्वास्थ्य क्षेत्रमा निजी लगानी आकर्षण बढेसँगै पुँजी पलायनको समस्या कम भएको छ । अस्पतालहरूबीचको प्रतिस्पर्धाले प्रविधि र सेवाको गुणस्तरमा सुधार आउनुको साथै बिरामीले सुलभ र गुणस्तरीय सेवा प्राप्त गर्न सकेका छन् ।

### सरकारी नियमन र सहकार्य

सरकारले कार्यान्वयनमा ल्याएको स्वास्थ्य बिमा कार्यक्रम निकै प्रभावकारी रहेको छ तर यसलाई सरकारी अस्पतालहरूमा मात्रै सीमित गराउँदा आम सर्वसाधारणले लाभ पाउन सकेका छैनन् । सरकारले प्रत्येक व्यक्तिको स्वास्थ्य बिमा गरिदिएर सम्भव हुँदैन । हरेम व्यक्तिले आफ्नो बिमा गराउने र जुनसुकै अस्पतालबाट पनि त्यो सेवा लिनसक्ने अवस्था सिर्जना गर्न सकिएमा सरकारलाई आर्थिक भार नपर्नेमात्र होइन, नागरिकले पनि सुलभ ढंगबाट सेवा पाउन सक्छन् । सरकारले निजी अस्पतालको शुल्क दर, सेवा गुणस्तर अनुगमन गर्न सक्ने भएकाले नागरिकलाई कसरी जनमुखी र गुणस्तरीय स्वास्थ्य सेवा दिन सकिन्छ भन्नेतर्फ सहकार्य हुनसक्छ । सार्वजनिक-निजी साझेदारीको अवधारणाअनुसार पनि स्वास्थ्य सेवालाई अगाडि लैजान सकिन्छ ।

सामाजिक उत्तरदायित्वको मान्यताअनुसार गरिब, असहाय वर्गका बिरामीहरूलाई साधारणदेखि उच्च प्रकृतिका उपचारहरू निःशुल्क गराउने, देशका दुर्गम भेगहरूमा निःशुल्क स्वास्थ्य शिविरहरू सञ्चालन गर्ने सामाजिक कार्यहरूमा पनि निजी क्षेत्रका अस्पतालहरूको योगदान कम छैन । गोरखा भूकम्प, कोराना महामारी, जेन-जी आन्दोलनजस्ता ठूला घटनाहरूमा सरकारी अस्पतालहरूले दिन नसकेको स्वास्थ्य सेवा निजी अस्पतालले दिएका थिए ।

यस्ता ठूला विपद्हरूमा आफ्नो ज्यानको पनि पर्वाह नराखी निजी अस्पतालहरू घटनास्थलमै पुगी बिरामीको उद्धार, औषधोपचारमा खटिएका हुन्छन् । सरकारले उपयुक्त नीतिगत व्यवस्था र सुरक्षित वातावरण तयार गर्न सकेको अवस्थामा प्रदेश र स्थानीयस्तरमा पनि निजी अस्पतालहरू विस्तार हुन सक्छन् । हाल राजधानीलगायत मुख्य सहरी क्षेत्रमै केन्द्रित रहेका निजी अस्पतालहरू विस्तारै प्रदेश र स्थानीय तहमा पनि विस्तार हुन थालेका छन् । विस्तारै डिजिटल स्वास्थ्य सेवालाई बढाउँदै स्थानीयस्तरमै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुग्नसक्छ ।

### निजी अस्पतालका समस्या

नेपालमा निजी क्षेत्रले स्वास्थ्य क्षेत्रमा लगानी गर्दा सामना गर्नुपर्ने चुनौतीहरू बहुआयामिक छन् । नीतिगत, आर्थिक, सामाजिक र संरचनागत कारणले निजी लगानी अपेक्षित गतिमा विस्तार हुन सकेको छैन । निजी क्षेत्रले स्वास्थ्य क्षेत्रमा लगानी गर्दा नीतिगत तथा कानुनी अनिश्चितता, कडा र जटिल नियामक प्रक्रिया, उच्च प्रारम्भिक लगानी र लागत, स्वास्थ्य बिमा प्रणालीको कमजोरी, सामाजिक दृष्टिकोण र विश्वासको संकट, मानव संशाधन समस्या, राजनीतिक हस्तक्षेप र दबाबजस्ता चुनौतीहरू सामना गर्नुपरेको छ । स्वास्थ्यसम्बन्धी नीति र नियमहरू बारम्बार परिवर्तन हुनु, संघ, प्रदेश र स्थानीय तहबीच अधिकार क्षेत्र स्पष्ट नहुनु, दीर्घकालीन लगानीमैत्री स्पष्ट नीति अभावजस्ता कारणहरूले पनि स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न समस्या भएको छ ।

दक्ष स्वास्थ्यकर्मीको विदेश पलायन र विशेषज्ञ जनशक्ति सीमित रहने हुँदा निजी क्षेत्रका अस्पतालहरूले पनि मानव संशाधन समस्या भोग्नुपरेको छ । उपचार शुल्कमा स्पष्ट मापदण्ड नहुँदा लागतअनुसार शुल्क लिन नसक्ने अवस्था छैन । निजी अस्पतालहरूलाई महँगो उपचारको आरोप लाग्ने गर्दछ । स्वभावतः सरकारी अस्पतालमा राज्यले बर्सेनि अर्बौं लगानी गरी सेवा दिएको अवस्थामा निजी क्षेत्र आफैंले लगानी गर्नुपर्दा केही महंगो हुनुलाई स्वभाविक मान्नुपर्ने हुन्छ । सामाजिक दृष्टिकोण र विश्वासको संकटका कारण निजी अस्पताललाई नाफामुखी रूपमामात्र हेर्ने प्रवृत्ति छ । लगानीसँगै त्यसको प्रतिफलको अपेक्षा गर्नु अपराध पनि होइन तर सेवा भावबाटै लगानी गरिएको हुँदा नाफामुखी सोचको आरोप लगाउँदा अन्याय भएको छ ।

सरकारी अस्पतालहरूमा मात्र नभई निजी अस्पतालको व्यवस्थापनमा पनि राजनीतिक प्रभाव पर्ने गर्दछ । हडताल, आन्दोलन र आकस्मिक दुर्घटनाजस्ता समस्याहरूबाट पनि निजी अस्पतालहरू प्रत्यक्ष प्रभावित हुने गर्दछन् । सानो गल्तीमा ठूलो सामाजिक दबाब आउने र कहिलेकाहीँ असामान्य अवस्था पनि सिर्जना हुने हुँदा त्यसले डाक्टर र अस्पतालको सुरक्षाको प्रश्न उठ्ने गर्दछ । अस्पताल भवन, अत्याधुनिक उपकरण र प्रविधिमा ठूलो पुँजी आवश्यक पर्दछ । दक्ष जनशक्ति (डाक्टर, नर्स) लाई राम्रो पारिश्रमिक दिनुपर्ने तथा औषधि र मेडिकल उपकरण आयातमा उच्च लागत पर्ने हुँदा लगानी जुटाउन त्यति सहज छैन । सहर केन्द्रित चिकित्सकको संख्या बढी, भौगोलिक कठिनाइ र पूर्वाधारको अभाव, ग्रामीण क्षेत्रमा बिरामी संख्या कम र खर्च बढी तथा सुरक्षाको चुनौतीका कारण दुर्गम क्षेत्रमा निजी लगानी बढ्न सकेको छैन । त्यस्तै अस्पताल दर्ता, नवीकरण र स्तर निर्धारण प्रक्रिया झण्झटिलो, बहुनिकायबाट अनुमति लिनुपर्ने अवस्था, अनुगमन प्रणाली स्पष्ट र पारदर्शी नहुनुजस्ता कडा र जटिल नियामक प्रक्रियाका कारणले पनि समस्या सिर्जना गरेको छ ।

निजी अस्पतालहरू सञ्चालनका लागि नेपाल सरकारले केही नयाँ शर्त र प्रावधानहरू ल्याएको छ । सरसर्ती हेर्दा ती राम्रा लागे पनि अव्यावहारिक र अन्ततः बिरामीलाई नै आर्थिक भार थपिने खालका छन् । निजी अस्पताल खोल्न आफ्नै भवन हुनुपर्छ भनिएको छ तर अहिले सञ्चालनमा रहेका ८५ प्रतिशतभन्दा बढी निजी अस्पतालहरू भाडाको भवनमा सञ्चालित छन् । यो प्रावधान कडाइका साथ लागू हुने हो भने ती सबै अस्पतालहरू बन्द हुन्छन् ।

### निष्कर्ष

निजी क्षेत्रबाट सञ्चालित अस्पतालहरू सरकारी अस्पतालका प्रतिस्पर्धी नभएर स्वास्थ्य प्रणालीको पूरक संरचना हुन् । उचित नियमन, पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चित गर्नसके निजी अस्पतालहरूले नेपालको स्वास्थ्य सेवा गुणस्तरीय, पहुँचयोग्य र दिगो बनाउन महत्त्वपूर्ण योगदान दिन सक्छन् । निजी क्षेत्रलाई स्वास्थ्य क्षेत्रमा लगानी गर्न प्रेरित गर्न नीतिगत स्थिरता, सरल नियमन, बिमा प्रणाली सुदृढीकरण र सार्वजनिक-निजी सहकार्य अत्यावश्यक छ ।

स्वास्थ्य क्षेत्रमा देखिएका चुनौतीहरू समाधान गर्नसके निजी लगानीले स्वास्थ्य सेवा गुणस्तर, पहुँच र आत्मनिर्भरतामा ठूलो योगदान दिन सक्छ। नेपालजस्तो विकासशील अर्थतन्त्रका लागि अहिले नै स्वास्थ्य सेवामा सरकारको पूर्ण लगानी वित्तीय साधन स्रोतको सीमितताले गर्दा सम्भव नहुने हुँदा निजी क्षेत्रलाई परिपूरकको रूपमा स्वास्थ्य सेवामा सहभागी गराउन तथा तिनको प्रभावकारी नियमन गरेर अघि बढ्न उपयुक्त देखिन्छ । स्वास्थ्य सेवामा आममानिसको पहुँच सुनिश्चित गर्न सरकारी र निजी अस्पतालहरूबीच सहकार्य हुनु आवश्यक छ ।

*(ग्रिनसिटी अस्पतालका अध्यक्ष टण्डनसँग राससले गरेको कुराकानीमा आधारित)*




✍ बैकुण्ठ भण्डारी



# स्लाइन पानी !

हरियो तन्नाले ढाकेको शयचमा बिरामी छटपटिएर बसेको छ । अइयाऽ आऽथ्यु गर्दै छ । उता टेबलमा सेतो कपडा लगाएका चिकित्सकहरू अरू बिरामीका आफन्तलाई सम्झाउँदै छन् । सानो कागजको चिर्कटोमा पटक-पटक कहिले कुन औषधि, कहिले कुन औषधि खरिद गरेर ल्याउन भन्दै बिरामीलाई खुवाइरहेका छन् ।

चिकित्सकहरूले दिएको औषधिले बिरामीलाई काम गरिरहेको छैन । ऊ कहिले यता फर्कन्छ । कहिले उता फर्कन्छ । उसलाई उपचार गराउन आएका नजिकका मानिसहरू सेतो एप्रोन भिरेका चिकित्सहरूलाई तान्दै ल्याउँदै गरिरहेका छन् । जति चिकित्सक आउँछन्, बिरामीलाई हेर्छन् र कागजको चिर्कटोमा औषधि लेख्ने अनि प्रयोग गरिहाल्छन् ।

बिरामीको अनुहारमा दम छैन । आफन्त र नजिकका मानिसहरू ओहोरदोहोर गरिरहेका छन् । उनीहरू बिरामीको पीडालाई कम गर्न भन्दा पनि भेटिहालौं न भन्न उद्देश्यले आएका छन् ।

विचरा, बिरामी दीर्घरोगी भएको छ । जति नै राम्रो चिकित्सकलाई देखाएर उपचार गराए पनि रोग नै पहिचान गर्न नसकेर होला । विभिन्न खाले र विभिन्न देशमा बनेका औषधि पालैपाले प्रयोग गरिरहेका छन् ।

विचरा ! १७ वर्षको उमेरमा बिरामी परेको थियो । ३० वर्षसम्म झारफुक, धामीझाँक्री गर्दागर्दा ४७ वर्षको उमेरमा केही तंग्रिएको जस्तो भएको थियो । चार-पाँच वर्ष अलिअलि तडकभडक गरेर लम्कँदै थियो । फेरि ५२ तिर कानको जाली थर्कन थाल्यो भन्दै थिए बिरामी ।

त्यसपछि कहिले पूर्वबाट त कहिले पश्चिमबाट पालैपालो दायाँ हातबाट त कहिले बायाँ हातबाट स्लाइन चलाउन थालियो । स्लाइन चलाएर पनि नभएपछि कहिले 'किलो शेरा टु' को अप्रेसन गरियो । कहिले नाइटभिजनमा रोग पत्ता लगाउने प्रयास गरियो ।

बिरामीको शरीर चिराचिरा पर्न थाल्यो । थरीथरीका सुईले शरीरभरि प्वालै प्वाल ! कहिले युरोपियन, कहिले अमेरिकन पालैपालो डाक्टरहरू आए । बिरामीको सारा परीक्षण गरे अनि फर्किए । बिरामी ठीक हुने अवस्था देखिएन ।

त्यसपछि विदेशबाट पनि एप्रोनधारी अनमिनहरू आएर अस्पताल कब्जा नै जमाएका थिए । तर कसैले नि वास्तविक रोग नै पत्ता लगाउन सकेनन् । बिरामीको उपचार नगर्ने, बरू औषधिको डोजमात्र थप्नेगरी अस्पतालभित्रै आफ्नो अड्डा जमाउन खोजेपछि बल्लबल्ल बिरामीका आफन्तले त्यो एप्रोनधारी अनमिनलाई फिर्ता पठाए ।

बिरामी विचरा स्वदेशी देशी विदेशी विद्वान डाक्टरहरूको प्रयोग बन्यो । उसको शरीरलाई पालैपालो प्रयोगस्थल नै बनाए । थरीथरीका 'टचाबलेट' पनि ख्वाए । तर कुनै पनि टचाबलेटले काम गर्दै गरे । अस्पतालका काम गरिरहेका कर्मचारीहरू उमेरहद भन्दै ५८ वर्षमा धमाधम पेन्सनसहित घर फर्कंदै थिए । तर विचरो बिरामी, ५८ पछि झन् टेन्सन थपिन थाल्यो ।

बाथरोग, हर्निया, सुगर, प्रेसर के-के हो के-के रोग पनि । मिर्गौलादेखि मुटुका नसामासमेत प्वालै प्वाल परिसकेको डाक्टरका रिपोर्ट आउँथे । बिरामीका आफन्त रिपोर्ट हेर्दै औषधि ख्वाउँदै रित्तिँदै थिए । घरबारी बेचेर उपचार गराउँदा गराउँदै पनि रोग निको हुने छाटकाट देखिएन ।

बिरामीका छोराछोरी, नातिनातिना उपचार खर्च जुटाउने कामको खोजी गर्दै 'सात समुद्रपारि' पुग्न थाले । त्यहाँ पुगेर उपचार खर्च जुटाउने र रेमिटचान्सका रूपमा पठाउन थाले । जति नै पठाए पनि बिरामीको उपचार हम्मेहम्मे नै भयो ।

राष्ट्रिय, अन्तर्राष्ट्रिय 'टचाबलेट'ले पनि काम नगरेपछि थन्किएर बसेका धामी झाँक्रीहरूको भर पर्न थाले । विचरा, उमेर पाकेर 'घरले जाऽ जा, वनले आइजाऽ आइजा' भन्ने बेलाका धामीहरू के पो उफ्रिन सक्थे र ! न ढयांग्रो बजाउन सके । न त बिरामीलाई उठाउन नै सके । बरू छोराछोरी नातिनातिनाले पठाएको रेमिटचान्सले मिर्गौला फेर्ने, रगत परिवर्तन गर्ने अनेक गर्न थाले । तैपनि बिरामी तंग्रिन सकेन । बिरामी क्रमशः झन्झन् शिथिल हुन थाल्यो ।

उमेर ६२ पुगेर ६३ लाग्दै गर्दा बिरामीलाई फेरि विदेशी डाक्टरहरूले नयाँ 'टचावलेट' ख्वाउन सल्लाह दिए । सरकारी संविधानसभा अस्पतालमा उपचार हुन थाल्यो । दुईपटक अप्रेसन फेल भयो । बिरामीको अप्रेसन फेल भएपछि बिरामीका आफन्त अस्पतालमै तोडफोड गर्न थाले । अस्पताल तोडफोड गरेर बिरामी निको हुने त हुँदै होइन । तर पनि धेरै वर्षदेखि बिरामी थला परेको पर्‍यै । उपचार गरेको गर्‍यै । अर्बौं सकियो । त्यही कमाउन छोराछोरीले गाउँ छाडे, सहर छाडे, देशै छाडे । कतैबाट केही उपाय लागेन ।

संविधानसभा नाम गरेको अस्पतालमा ६०१ डाक्टरलाई झिकाइयो । बिरामीलाई उपचार गर्न खोजियो । अहँ ! डाक्टरले उपचार नै गर्न सकेनन् । आफू जुन-जुन देशबाट पढेर आएका हुन् उतैका मात्र कुरा गर्न थाले । त्यही भाषामा बिरामीसँग कुरा गर्न थाले । विचरो, सास फेर्न नै हम्मेहम्मे परेको बिरामीले न भाषा बुझ्यो । न भेष नै बुझ्यो । उपचारको त कुरै छाडौं ! बिहान-दिउँसो-बेलुका भन्दै साइज साइजका 'टचाबलेट' पनि खाइ नै रह्यो ।

हुन त उमेर पनि ढल्कँदै गएको थियो । अब बाँच्दिन कि भन्ने बिरामीलाई परेरै होला ७४ बाट सबैलाई अंशबण्डा गरिदिन सुरु गरे । आफूलाई उपचार गर्नेदेखि वास्तै नगरेर छाडेर विदेश भासिएकालाई पनि ७९ सम्म अंश दिए । विदेशीसँग बिहे गरेकालाई पनि स्लाइन ख्वाएरै भए पनि जिम्मेवारी सुम्पिदिए ।

अब त उमेरले पनि नेटो काटिसक्यो बाबु हो । अब उपचार गर्नु पर्दैन, बरु ८४ सम्म गरेर दानपान गरी देहत्याग गर्न पाए हुन्थ्यो भन्दै छोराछोरी नातिनातिनीलाई सम्झाउँदै थिए । जोशिला पोसिला नातिनातिना भएका बिरामीलाई के को चौरासी बयासीमा नै अग्निदहन गरिदिए ।

विदेशमा पढेलेखेका काम गरेका विद्वान भनिएका छोरानातिबाटै अग्निदहनमा परेपछि बिरामी छटपटिरहेको छ । जताततै आगोले पोलेका घाउ नै घाउ छन् । शरीरमा पानी सुकिसकेको छ । त्यही भएर छटपटिरहेको बिरामी त्यही छोराछोरी-नातिनातिनाबाट स्लाइन पानी खोजिरहेको छ ? तर खै को भेटिएला बिरामीलाई स्लाइन पानी दिने ?



**अन्न राख्ने भकारी** | कैलालीको कैलारी गाउँपालिका–७ भुँइयाफाँटास्थित स्थानीयको घरमा अन्न सञ्चय गर्नका लागि माटो र धानको भुसाबाट निर्मित भकारी । *तस्बिरः रासस*

### पोखरा–मुग्लिन सडक आयोजना

# तेस्रोपटक थपियो पश्चिम खण्डको म्याद

**कास्की (प्रस)**– पृथ्वीराजमार्गअन्तर्गत पोखरा–मुग्लिन सडक विस्तार तथा स्तरोन्नति योजना (पश्चिम खण्ड)को तेस्रो पटक म्याद थप गरिएको छ ।

पर्यटकीय राजधानी पोखरालाई संघीय राजधानी काठमाडौंसम्म जोड्ने यस राजमार्ग एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा चार वर्षदेखि स्तरोन्नतिको काम भइरहेको छ । योजनाको यसअघि दुईपटक म्याद थप गर्दासमेत काम तोकिएको समयमा सम्पन्न हुन नसकेपछि निर्माण कम्पनीको मागअनुसार सडक विभागले २०८३ असार १५ गतेसम्म समय थप गरिदिएको मुग्लिन–पोखरा सडक योजना पश्चिम खण्डका योजना प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिए ।

उनले भने, 'दोस्रो पटकसमेत तोकिएको समयमा काम नसकिएको र ७५ प्रतिशतमात्र भौतिक प्रगति भएपछि हालै पुनर्निर्माण अवधि बढाइएको छ । अब थपिएको समय चालु आर्थिक वर्षमा चार तथा छ लेन सम्पूर्ण सडक खण्ड निर्माण सम्पन्न गर्ने लक्ष्य राखेका छौं ।' योजनाका अनुसार पछिल्लोपटक थप गरिएको म्याद गत डिसेम्बर अन्त्यमा सकिएपछि छ महिना बढाइएको हो । सडक मापदण्डभित्रको विद्युत् पोल र खानेपानी पाइप स्थानान्तरण तथा रुख कटानमा ढिलाइलगायतका कारणले योजना सम्पन्न हुन ढिलाइ भएको बताइन्छ ।

यस योजनाको पश्चिम खण्डअन्तर्गत तनहुँको जामुनेदेखि पोखराको सेती नदीपुलसम्मको ३८.८८ किलोमिटर पर्छ । योजना प्रमुख कुँवरले हालसम्म यस खण्डको तीन चौथाइ काम सम्पन्न भएको जानकारी दिए । प्रथम तहको कालोपत्रे ३७ किलोमिटर सकिएको छ । त्यसैगरी दोस्रो तहको कालोपत्रे गर्ने काम करिब ३४ किलोमिटर पूरा भएको छ । एकतर्फी कालोपत्र गर्न अब एक किलोमिटर बाटो मात्र बाँकी रहेको कुँवरले जानकारी दिए । त्यसैगरी जामुनेबाट 'सडक मार्किङ,' 'थर्मोप्लास्टिक पेन्ट' र 'रोड सेफ्टी ब्यारिएर' राख्ने लगातका कामसमेत सुरु भएको छ । यस योजनाको चालु आवमा थप ११ किलोमिटर चार लेनमा प्रथम तहको र ३० किलोमिटर चार लेनमा दोस्रो तहको अस्फाल्ट कालोपत्रे गरिएको छ । यस खण्डमा एक वटा पुल र दुई वटा कल्भर्ट निर्माणसमेत यसै अवधिमा सम्पन्न भएको छ ।

मुग्लिन–पोखरा पश्चिम खण्डको २०७८ जेठ २ गते निर्माण सम्झौता भएर २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माण गर्न चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनसँग सात अर्ब ४० करोडमा ठेक्का सम्झौता गरिएको थियो । २०८१ भदौ १२ गतेसम्म म्याद रहेकामा त्यसअवधिमा उल्लेख्य प्रगति नभएपछि पहिलोपटक १०१ दिनका लागि म्याद थप भएको थियो । यसपछि दोस्रोपटक २०८१ पुसमा एक वर्ष म्याद बढाइएको थियो ।

# जंगली हात्तीपीडितलाई एक करोड ३७ लाख क्षतिपूर्ति वितरण

**झापा**– जिल्लामा जंगली हात्तीबाट पीडित बनेका परिवारलाई एक करोड ३७ लाख रूपैयाँभन्दा बढी राहत उपलब्ध गराइएको छ । जिल्लामा चालु आर्थिक वर्षको हालसम्म ८८३ हात्तीपीडितलाई एक करोड ३७ लाख ३८ हजार रूपैयाँ राहत उपलब्ध गराइएको डिभिजन वन कार्यालयका वन अधिकृत हिमाल पाठकले जानकारी दिए ।

यस वर्ष हात्तीको आक्रमणमा परी जिल्लामा चार जनाले ज्यान गुमाएका छन्, भने एउटा हात्ती मृत फेला परेको उनले बताए । हात्तीको आक्रमणबाट सख्त खाइते दुई जनालाई चार लाख रूपैयाँ, मृतक चार जनाको परिवारलाई ४० लाख रूपैयाँ, १० वटा पशुधन क्षतिबापत एक लाख रूपैयाँ, १८४ परिवारले भण्डार गरेको अन्नमा क्षति भएबापत १४ लाख ५३ हजार रूपैयाँ, २३५ वटा घरगोठमा क्षति भएबापत ३७ लाख २२ हजार रूपैयाँ र ४४८ किसानको अन्नबालीमा क्षति पुऱ्याएबापत ४० लाख ६२ हजार रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराइएको डिभिजन वन कार्यालय झापाले जनाएको छ ।

राहत उपलब्ध गराइएकामध्ये गत आर्थिक वर्ष २०८१/८२ का ७०२ जना रहेका छन् भने चालु आवमा हात्तीबाट पीडित बनेका १८१ जनालाई राहत प्रदान गरिएको हो । थप ११ परिवारलाई २१ लाख रूपैयाँ राहतका लागि सिफारिस गरिएको छ । केही दिनमै उनीहरूलाई समेत राहत रकम उपलब्ध गराइने पाठकले बताए ।

राहत प्रक्रियालाई सहज बनाउन जिल्लाका चार स्थानमा रहेको सब डिभिजन कार्यालयबाट पीडितले निवेदन व्यवस्था गरिएको छ । मेची सब डिभिजन, कनकाई सब डिभिजन, जलथल सब डिभिजन र दमक सबडिभिजनबाट वन्यजन्तुपीडितले सरकारले उपलब्ध गराउने राहतका लागि निवेदन दिन सक्ने पाठकले बताए ।

राहत प्रक्रिया झन्झटिलो भएकालेसमेत समयमै राहत वितरण गर्न नसकिएको वन कार्यालयका कर्मचारी बताउँछन् । हात्तीको आक्रमणबाट ज्यान गुमाउनेको परिवारलाई जनही १० लाख रूपैयाँ, घाइतेलाई अधिकतम दुई लाख रूपैयाँ, चौपाया, अन्नबाली र भौतिक संरचना क्षतिको भएको हकमा क्षतिको आधारमा क्षतिपूर्ति उपलब्ध गराउँदै आइएको छ ।

### क्षति घटाउन गस्ती

डिभिजन वन कार्यालयले हात्तीबाट धानबाली जोगाउन र क्षति न्यूनीकरणका लागि गस्ती टोली परिचालन गरेको थियो । यसका कारण अघिल्लो वर्षको तुलनामा यस वर्ष कम क्षति भएको वन अधिकृत पाठकले बताए 'धानबाली जोगाउन र भारतबाट हात्ती प्रवेश रोक्न वन रक्षकको टोली परिचालन गरेका थियौं,' उनले भने, 'जसका कारण अघिल्लो वर्षभन्दा कम क्षति भएको छ ।' मानवीय क्षति हुन नदिने मुख्य उद्देश्य रहेको उनले बताए । अब मकैको सिजनमा पनि पुनः गस्ती हुने उनको भनाइ छ ।

गाडीसहित सात जना सशस्त्र वन रक्षकको टोलीले मेचीनगरस्थित मेची नदीमा गस्ती गरेर हात्ती प्रवेश रोक्ने, हात्ती प्रवेशबारे जानकारी दिने, हात्ती उतै फर्काउने काम गर्ने गरेका छन् । जिल्लामा मानव–हात्ती द्वन्द्व न्यूनीकरणका लागि विद्युतीय तारबार, जैविक मार्ग निर्माण, वन क्षेत्रमा हात्ती आहाल (पोखरी निर्माण), फलफूलका बिरुवा रोपण, गस्तीलगायतका क्रियाकलाप हुँदै आए पनि प्रभावकारी हुन सकेको छैन । *रासस*

# शीतलहरबाट प्रभावित रौतहटका विपन्न दलितलाई कम्बल वितरण

**रौतहट (प्रस)**– जिल्लास्थित विपत् व्यवस्थापन समितिले शीतलहरबाट प्रभावित विपन्न दलित तथा असहाय घरपरिवारलाई न्यानो कपडा 'कम्बल' वितरण गरेको छ । सशस्त्र प्रहरी बल नेपालले आफ्नो २५औं स्थापना दिवसका अवसरमा आइतबार बौधिमाई नगरपालिका–७ स्थित रामवस्तीका ६९ घरपरिवार र इसनाथ नगरपालिका–४ का ७० घरपरिवारलाई न्यानो कपडा बाँडेको हो ।

रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले शीतलहरका कारण विशेषगरी दलित तथा विपन्न परिवार प्रभावित भएकाले पहिलो चरणमा आइतबार १३९ थान कम्बल वितरण गरेको जानकारी दिए । जिल्लास्थित सुरक्षा संयन्त्रमार्फत प्रभावित समुदायलाई कम्बल बाँड्न लागेको बताउँदै आवश्यक देखिए थप न्यानो कपडाको प्रबन्ध गर्न समिति तयार रहेको स्पष्ट गरे ।

विपद् व्यवस्थापन समितिले मानवीय सेवाअन्तर्गत बढ्दो चिसोबाट प्रभावित जिल्लाका दलित समुदायलाई राहत वितरणमा सहयोग गर्ने उद्देश्यका साथ प्रदान गरेको ५०० थान कम्बलमध्ये सशस्त्र प्रहरी बल र नेपाली सेनालाई २०० का दरले ४०० थान र नेपाल प्रहरीलाई ६० थान तथा बाँकी ४० जान जगेडामा राखेको जनाएको छ ।


रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालको प्रमुख उपस्थितिमा सशस्त्र प्रहरी बल नेपालका प्रमुख एवं गणपति रामहरि अधिकारीले दलित एवं विपन्न परिवारलाई कम्बल बाँडेको बिओपी सरमुजवाका सशस्त्र प्रहरी निरीक्षक पर्शुराम लामिछानेले जानकारी दिए । यसैगरी, बिओपी रामपुरखापकी सशस्त्र प्रहरी निरीक्षक मन्दिरा सुवालका अनुसार दलित तथा विपन्न घरपरिवारलाई लक्षित गरी वितरण गर्न लागिएको ५०० कम्बलमध्ये सशस्त्र प्रहरीलाई २०० थान प्राप्त भएकामा १३९ वटा बाँडेको र बाँकी सोमबार र मंगलबारसम्म प्रभावित घरपरिवारसमक्ष पुऱ्याइने छ ।

रौतहटसहित मध्य तराई क्षेत्रमा १५ दिनदेखि राम्रोसँग घाम नलाग्दा बढेको चिसोबाट विशेषगरी गरिब, विपन्न तथा असहाय घरपरिवार प्रभावित भएको प्रमुख जिल्ला अधिकारी भुसालले बताए । सशस्त्र प्रहरी बलका गणपति अधिकारीका अनुसार राज्यकोतर्फबाट कम्बल वितरण सुरु भएपछि दलित तथा विपन्न घरपरिवारका पनि विशेषगरी रोगबाट प्रभावित, वृद्धवृद्धा, बच्चाबच्ची र सुत्केरी महिला खुसी देखिएका छन् ।

# श्रमदानमार्फत धन्नेश्वरी गुफा सरसफाइ

**खोटाङ**– यहाँको साकेला गाउँपालिका–२ रतन्छास्थित धन्नेश्वरी गुफा जनश्रमदानमार्फत सरसफाइ गरिएको छ । गाउँपालिकाको 'श्रम साकेला अभियान' अन्तर्गत वडा कार्यालय रतन्छाको अगुवाइमा गाउँपालिका प्रमुख रविप्रकाश राई, उपप्रमुख बिर्सिका राई, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीयको सहभागितामा सरसफाइ गरिएको हो ।

लामो समयदेखि संरक्षण र प्रचारप्रसारको अभावमा ओझेलमा परेको यस गुफाको धार्मिक तथा पर्यटकीय विकासका लागि वर्तमान जनप्रतिनिधि र साकेला गाउँपालिकाले चासो देखाएका छन् । आगामी दिनमा गुफासम्म पुग्ने व्यवस्थित पैदलमार्ग निर्माण, गुफा वरिपरि आकर्षक संरचना निर्माण, गुफाभित्र उज्यालोका लागि बत्ती जडान तथा भित्री भागसम्म पुग्न सिँढी निर्माण गर्ने कार्य अघि बढाइने गाउँपालिकाले जनाएको छ ।



रतन्छाका स्थानीयवासीका अनुसार धन्नेश्वरी गुफाको सुरुङ दायाँ–बायाँ करिब सयौं मिटरभन्दा बढी फैलिएको अनुमान गरिएको छ । गुफाभित्रका ठूलाठूला नागका आकृति एवं विभिन्न देवी–देवताका आकृतिले आन्तरिक तथा बाहच पर्यटकलाई आकर्षित गर्ने गरेको छ ।

परापूर्वकालमा भगवान शिवजी राक्षसबाट बच्न धन्नेश्वरी गुफामा लुकेर बसेको र पछि त्रिधार्मिकस्थल हलेसी गएर बसोबास गरेको भन्ने किंवदन्ती छ । रामनवमी, बालाचतुर्दशी, तीज तथा एकादशी जस्ता महत्त्वपूर्ण पर्वहरूमा यहाँ मेला लाग्ने गर्दछ ।

गाउँपालिका प्रमुख रविप्रकाशले धार्मिक तथा पर्यटकीयस्थलहरूको विकासका लागि गाउँपालिका दीर्घकालीन योजनाका साथ लागि परेको जानकारी दिँदै धन्नेश्वरी गुफालाई व्यवस्थित धार्मिक–पर्यटकीय गन्तव्यका रूपमा विकास गरिने प्रतिबद्धता व्यक्त गरे । 'हामी निर्वाचित भएर आएपछि जनजीविकाको कामसँगै गाउँपालिकाभित्रका सबै धार्मिक तथा पर्यटकीयस्थलहरूको स्तरोन्नति गरिरहेका छौं । हाम्रो पालिका आफैंमा पर्यटकीयस्थल हो,' उनले भने, 'यहाँ रहेका पर्यटकीय गन्तव्यहरूको स्तरोन्नति गर्दै पर्यटन प्रवर्द्धनको काम गरिरहेका छौं ।'

गुफाको सौन्दर्यकरणका लागि चालु आर्थिक वर्षमा कोशी प्रदेश सरकारले १० लाख रूपैयाँ बजेट विनियोजन गरेको गाउँपालिकाले जनाएको छ । *रासस*

# बैतडीमा थपियो मतदाता, बढाइयो पाँच मतदान केन्द्र

**दशरथचन्द (बैतडी)**– बैतडीमा पाँचवटा मतदान केन्द्र थपिएका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि पाँचवटा मतदान केन्द्र थपिएका हुन् ।

यहाँको सिगास गाउँपालिका–४ को वडा कार्यालय भवन कान्धार, दशरथचन्द नगरपालिका–७ को केदारशीला आधारभूत विद्यालय सुर्काल, दशरथचन्द नगरपालिका–९ को केदार आधारभूत विद्यालय सीम लोडासौं, शिवनाथ गाउँपालिका–३ को श्रीपूर आधारभूत विद्यालय बछला र पाटन नगरपालिका–५ को त्रिपुरेश्वर मावि कुलडामा मतदान केन्द्र थप भएको हो ।

त्यसैगरी, एउटा मतदान केन्द्र घटाइएको छ । मेलौली नगरपालिका–२ को कोटेश्वर आधारभूत विद्यालयमा रहेका दुईवटा मतदान केन्द्रमध्ये एउटा मतदान केन्द्र हटाइएको हो । गत निर्वाचनमा २१० वटा मतदान केन्द्र रहेकामा अब भने २१४ मतदान केन्द्र कायम भएका निर्वाचन कार्यालयका सूचना अधिकारी नरेश दयालले जानकारी दिए । मतदानस्थल भने साविककै १२९ नै कायम रहेको उनले बताए ।

गएको निर्वाचनमा २१० वटा मतदान केन्द्र रहेको बैतडीमा आगामी निर्वाचनका लागि २१४ मतदान केन्द्र कायम भएका जिल्ला निर्वाचन कार्यालयका निमित्त प्रमुख पुरुषोत्तम जोशीले बताए । मतदानस्थल भने साविककै १२९ नै कायम रहेका उनले बताए ।

जिल्ला सदरमुकाममा एउटा अस्थायी मतदान केन्द्र रहने छ । जिल्ला निर्वाचन कार्यालयले अस्थायी मतदाताको विवरण संकलनको काम गरिहेको छ । स्थानीय, प्रदेश र संघ मातहत रहेका कर्मचारी, सुरक्षा निकायका प्रतिनिधि, कारागारमा रहेका वा वृद्धाश्रममा रहेकाहरूको विवरण संकलनको काम भइरहेको जिल्ला निर्वाचन कार्यालयका निमित्त प्रमुख जोशीले बताए ।

जिल्लामा आगामी निर्वाचनका लागि एक लाख ५६ हजार ३७२ मतदाता कायम भएका छन् । यस वर्ष छ हजार २१६ मतदाता थपिएका बताइएको छ । यसअघि एक लाख ५० हजार १५६ मतदाता रहेका थिए । *रासस*

# नेपालगञ्जमा घरेलु औद्योगिक प्रदर्शनी हुँदै

**बाँके (प्रस)**– बाँकेमा स्थानीय उत्पादनको प्रवर्द्धन, घरेलु तथा साना उद्योगको बजार विस्तार र पर्यटन विकास गर्ने उद्देश्यका साथ घरेलु औद्योगिक प्रदर्शनी एवं व्यापार महोत्सव आयोजना हुने भएको छ ।

नेपाल घरेलु तथा साना उद्योग महासंघ जिल्ला शाखाको आयोजनामा नेपालगञ्ज उपमहानगरपालिका–१८ स्थित सडक डिभिजन कार्यालय परिसरमा यही पुस ३० गतेदेखि आगामी माघ १० गतेसम्म आठौं 'प्रादेशिक घरेलु, कृषि, सूचना प्रविधि, पर्यटन तथा औद्योगिक प्रदर्शनी एवं व्यापार महोत्सव–२०८२' आयोजना गर्ने तयारी गरिएको महोत्सव मूल आयोजक समितिका संयोजक समरबहादुर खत्रीले जानकारी दिए ।

'महोत्सवमा लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित स्वदेशी वस्तुको प्रदर्शनी, कृषि, वन पैदावार, हस्तकला, ऊर्जा, बायोग्यासलगायत सामग्रीका २०० भन्दा बढी प्रदर्शनी कक्ष रहने छन्,' उनले भने, 'स्थानीय पर्यटकीय गन्तव्यको जानकारीमूलक प्रस्तुति, महिला उद्यमीद्वारा उत्पादित हस्तकलाका सामग्री, नवीनतम सूचना प्रविधिका सामग्री प्रदर्शनीमा राखिने छन् ।'

मेलामा बैंक तथा वित्तीय संस्था र सेवा प्रदायक संस्थाका सेवासुविधाका बारेमा जानकारी, औद्योगिक तथा व्यापारिक प्रतिष्ठानका उत्पादन, बालउद्यान, 'फुडकोर्ट,' थारू समुदायका मौलिक परिकार, सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम, स्थानीय तथा राष्ट्रिय कलाकारको सांस्कृतिक प्रस्तुति पनि आकर्षणका रूपमा रहने खत्रीले बताए ।

दुई लाख दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको महोत्सवले आन्तरिक पर्यटन प्रवर्द्धन, स्थानीय कलासंस्कृतिको पहिचान र स्वदेशी उत्पादनको बजार विस्तारमा महत्त्वपूर्ण योगदान दिने मूल आयोजक समितिका सहसंयोजक विष्णुप्रसाद खनालले विश्वास व्यक्त गरे ।

उनका अनुसार नेपाल घरेलु तथा साना उद्योग महासंघ बाँकेको आयोजना तथा महिला उद्यमी समितिको सहआयोजनामा हुने महोत्सवमा नेपालगञ्ज उपमहानगरपालिका, महासंघका विभिन्न पालिका समिति, सरकारी तथा गैरसरकारी निकायको सहयोग रहने छ ।

**कटहरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कटहरी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०८२/०९/२२ गते)

यस गाउँपालिकाबाट तपसिल बमोजिमको योजना खरिद ठेक्का प्रक्रियाबाट सञ्चालनको लागि E–Bidding मार्फत बोलपत्र माग गरिएअनुसार पेश हुन आएका तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रपत्रदाताहरूको जानकारीको लागि आसयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नम्बर | योजनाको नाम | छनौट भएको वोलपत्र | कबोल अंक रु. (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | ठेक्का नं. KRM/ NCB/G/03/082/083 | खानेपानी वाटर ट्रिटमेन्ट प्लान्ट, कटहरी–३ | श्री ओसीयन वाटर ट्रिटमेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि., दमक–७ झापा | ३०,६४,०४९।– |
| २. | ठेक्का नं. KRM/ NCB/W/10/082/083 | पशु अस्पताल निर्माण, कटहरी–३ | श्री राजन कन्सट्रक्सन, बुढीगंगा–४ मोरङ | ८९,६९,९७२।१९ |
| ३. | ठेक्का नं. KRM/ NCB/W/11/082/083 | स्वास्थ्य चौकी भवन निर्माण, कटहरी–१ | श्री इन्भाइरोन कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि, काठमाडौं–१० | ५०,९८,६४२।८७ |
| ४. | ठेक्का नं. KRM/ NCB/W/12/082/083 | श'शिला विश्वेस्वर स्मृति पार्क पूर्वधार निर्माण, कटहरी–२ | श्री डिजी–एसए जेभि विराटनगर, मोरङ | ४०,९७,१६४।१९ |

**प्रमुख प्रशासकीय अधिकृत**

### रमिताको पिरतीको 'जुनी भर' गीत

सेरो फिल्मस्को प्रस्तुतिमा तयार भएको फिल्म 'रमिताको पिरती' माघको २३ गतेबाट रिलिजमा आउँदैछ । यो फिल्मको दोस्रो गीत बुढासुब्बा डिजिटलबाट सार्वजनिक गरिएको छ । सार्वजनिक 'जुनी भर' बोलको गीतमा महेश काफ्लेको शब्द, संगीत र स्वर छ । स्वरमा उनलाई अस्मिता अधिकारीले साथ दिएकी छिन् । रोमान्टिक शैलीको यो गीतमा फिल्मका मुख्य २ कलाकारहरु आना शर्मा र विनय श्रेष्ठलाई हेर्न सकिन्छ । फिल्ममा समीर श्रेष्ठ, गियाना, गौमाया गुरुङ, पशुपति राई, रेनु योगी, थिन्ले लगायतका कलाकारहरुको पनि अभिनय छ ।





# 'मिलिनियम किड्स इन्टरनेसनल' एकसाथ चार विजेता घोषित



■ प्रभाव संवाददाता

**काठमाडौं–** एउटै स्टेजमा एकसाथ ४ विजेता छानिएका छन् । बालबालिकाको प्रतिभा निखार्ने उदेश्यले आयोजित 'मिलिनियम किड्स इन्टरनेशनल २०२६'मा एकसाथ ४ विजेता छानिएका हुन् । प्रतियोगितामा जुनियर र सिनियर केटा तथा केटी गरेर एकसाथ ४ विजेता छानिएको हो ।

जमलस्थित राष्ट्रिय नाचघरमा शनिबार साँझ सम्पन्न प्रतियोगितामा जुनियर केटातर्फ रिवान बस्नेत विजेता बन्दा जुनिएर केटीतर्फको उपाधि आरुसी बुढाथोकीले हात पारिन् ।

त्यस्तै, सिनियर केटातर्फ इङ्गसो जंग थापा शिर्ष विजेता घोषित हुँदा सिनियर केटीतर्फको उपाधि मानस्वी बस्नेतले हात पारिन् । शीर्ष विजेता सबैले उपाधिको साथमा विभिन्न अवसर समेत पुरस्कारको रूपमा प्राप्त गरे ।

बालबालिकाको प्रतिभा निखार्ने एउटा पृथक प्रतियोगीताको रूपमा परिचित यस प्रतियोगीतामा जुनियर केटातर्फ शिवांशु आर्याल सेकेन्ड रनरअप र प्रान्शु बस्नेत फष्ट रनरअप छानिदा जुनियर केटीतर्फ क्यारिन बाडेकर फोर्थ अनरअप, अनिता महर्जन थड रनरअप, शुभानी पाण्डे सेकेण्ड रनरअप र अलिमा थापा फष्ट रनरअप बने ।

त्यस्तै, सिनियर केटातर्फ शिबाम्सु कटेल सेकेन्ड रनरअप बन्दा ब्रायन श्रेष्ठ फष्ट रनर अप बने । सिनियर केटीतर्फ रेनेश्मी स्थापित फोर्थ रनरअप, इभानी पुन मगर थर्ड रनरअप, डिजा आभा तिम्सेना सेकेन्ड रनरअप, सुशासिका घर्ती मगर फष्ट रनरअप विजेता बन्न सफल रहे ।

नेपालमा आयोजना हुँदै आएको सौन्दर्य प्रतियोगीताहरू भन्दा भिन्न तवरबाट अन्तर ाष्ट्रिय स्तरको लाइट, स्टेज र साउन्ड सिस्टमा सहित आयोजित प्रतियोगिताको होमनाथ आचार्य (प्रिन्सिपल माछापुच्छे आइबी वर्ल्ड स्कुल...) सन्तोष दाहाल प्रिन्सिपल (ललितपुर युरो स्कुल), बुनु राई (प्राइमरी स्कुल को-अडिनेटर, काठमाडौं वर्ल्ड स्कुल) सुरैया शाक्य ( प्राइमरी को-अडिनेटर ज्ञानोदय बाल बाटिका उच्च माध्यमिक बिद्यालय) कल्पना त्रिपाठी (इवाईपी को-अडिनेटर जेभियर इन्टरनेशनल स्कुल) लगायत निर्णायक रहेका थिए ।

रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीले आयोजना गरेको प्रतियोगिताको कोरियोग्राफी अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले गरेका थिए । विभिन्न आकर्षक शैलीमा बालबालिकाको स्टेज प्रस्तुतिसहित आयोजित प्रतियोगिता बालबालिकालाई भविष्य निर्माणमा सक्षम बनाउने उद्देश्यले आयोजना गरिएको आयोजक रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीका प्रबन्ध निर्देशक, अन्तर्राष्ट्रिय मोडल तथा फेसन कोच राज फैजुले जानकारी दिए । प्रतियोगीको ड्रेस डिजाइन श्रीषा बैदारले गरेकी थिइन् । प्रतियोगिताको यो चौथो संस्करण हो ।

# अशोकलाई लिएर 'बा–आमा' बनाउँदै टंक बुढाथोकी

**काठमाडौं (प्रस)–** चलचित्र 'मन बिनाको धन' निर्माण एवं निर्देशन गरेका टंक बुढाथोकीले नयाँ फिल्म 'बा-आमा' पनि बनाउने भएका छन् । उनले यो चलचित्र बालगायक अशोक दर्जीलाई लिएर निर्माण गर्न लागेका हुन् । 'मन बिनाको धन'मा पनि उनले दर्जीलाई नै मुख्य भूमिकामा अभिनय गराएका थिए ।

चलचित्रमा दर्जीका अलवा टंकका छोरा एआर बुढाथोकीको पनि मुख्य भूमिका रहनेछ । अन्य कलाकार छनोटको क्रममा रहेका छन् । चलचित्रको नाम चलचित्र विकास बोर्डमा दर्ता भइसकेको छ ।

टंक बुढाथोकीकै कथा रहने फिल्मको पटकथा तथा संवाद शिवम् अधिकारीले लेखिरहेका छन् । 'स्क्रिप्ट लेखन अन्तिम चरणमा छ । त्यसपछि कलाकार छनोट चरणमा लाग्नेछौँ', उनले भने, 'फिल्मको छायाङ्कन वैशाखदेखि सुरु गर्ने योजना छ ।'

# ट्रेलरमा मन पराइयो 'गोबर गणेश'

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'गोबर गणेश'को ट्रेलर युट्युब ट्रेन्डिङको एक नम्बरमा आइपुगेको छ । शुक्रबार रिलिज भएको ट्रेलर युट्युब ट्रेन्डिङको एक नम्बरमा आइपुगेको हो ।

आमा र छोराका इमोस्नल सम्बन्ध र छोराले सहरमा गरेको संघर्षलाई ट्रेलरले समेटेको छ । दुई दिमा २१ लाखभन्दा धेरैले हेरेको ट्रेलर राम्रो लागेको प्रतिक्रिया दर्शकले दिइरहेका छन् ।

ट्रेलरहमा ६५ हजारभन्दा धेरै लाइक र १२ सयभन्दा धेरै कमेन्ट आएका छन् । ट्रेलरमा कथा मन परेको र सिनेमा पनि राम्रो रहेको अपेक्षा गरिएको कमेन्टमा देख्न सकिन्छ । कमेडीको फ्लेबर ट्रेलरमा देखिएको छ, यसकारण पनि ट्रेलरलाई दर्शकले रुचाएका छन् । नेपाली चलचित्रको ट्रेलर युट्युब ट्रेन्डिङमा एक नम्बरमा आएको यो धेरै लामो समयपछि हो । यसले चलचित्र 'गोबर गणेश' दर्शकको प्रतिक्षा रहेका प्रष्ट पार्छ ।




'दर्शकले दिनुभएको यो मायाले हामीलाई थप उत्साहित बनाएको छ,' निर्देशक मरिचमान श्रेष्ठ (धुर्वे) भन्छन्, 'सिनेमा पनि यसैगरी मन पराइदिनुहुन्छ भन्ने हाम्रो विश्वास छ ।' आम नेपालीको कथा सिनेमाले उठान गरेकाले चलचित्र धेरैले रिलेट गर्ने उनी बताउँछन् ।

चलचित्र 'गोबर गणेश' माघ १ गते रिलिज हुँदै छ । 'गोबर गणेश'लाई मरिचमान श्रेष्ठ (बल्छी धुर्वे)ले निर्देशन गरेका छन् ।

बल्छी धुर्वे फिल्मसको प्रस्तुतिमा निर्माण भइरहेको यो चलचित्रमा बल्छी र वर्षा शिवाकोटीसँगै विनोद न्यौपाने, पदम तामाङ, निर्मल शर्मा, लक्ष्मीनाथ तिमलसेना, सन्तोष बानिया, सन्दीप लामा, माओत्से गुरुङ, सीतादेवी तिमल्सिना, पुजन घिमिरे (पुकु), बुद्धि तामाङ, विशाल पहाडी, रमेश बुढाथोकी, स्वस्तिका लामिछानेलगायत छन् ।

तारानाथ न्यौपाने चिफ एडी रहेको चलचित्रमा योगेश काजी शाहको बीजीएम, शंकर पाण्डेको प्रोडक्सन, शिवराम श्रेष्ठको डीओपी र विपीन मल्लको सम्पादन रहनेछ ।

टौवा स्टुडियोको पब्लिसिटी डिजाइन रहने चलचित्रको डिजिटल पार्टनरमा ओएसआर डिजिटल रहेको छ । नेपालमा यो चलचित्रको वितरण श्री ब्याकटेस इन्टरटेनमेन्टले गर्नेछ ।

# वेब सिरिज 'हरामी'मा देखिए निश्चल

**काठमाडौं (प्रस)–** नेपाली फिल्म तथा कन्टेन्टको रोचक समीक्षा गर्दै दर्शकमाझ 'बिटी कान्छा' उपनामले परिचित विश्वास तिम्सिनाको लेखन तथा निर्देशनमा बनेको वेब सिरिज 'हरामी' युट्युबमा सार्वजनिक भएको छ। पाँच भागमा निर्माण गरिएको यो वेब सिरिज बिटी कान्छा नामक युट्युब च्यानलमार्फत हेर्न सकिन्छ । प्रत्येक भाग करिब २५ मिनेट लामो छ ।

'हरामी'को प्रत्येक भागमा नेपाली फिल्म क्षेत्रका स्थापित कलाकारलाई अतिथि कलाकारका रूपमा प्रस्तुत गरिएको छ । सिरिजका विभिन्न भागमा निर्देशक निश्चल बस्नेत, अभिनेता आयुष्मान डीएस जोशी, अभिनेत्री आना शर्मा, गौमाया गुरुङलगायत कलाकार देखिएका छन् । युवा दर्शकलाई लक्षित गर्दै फरक स्वादको कन्टेन्ट प्रस्तुत गर्ने उद्देश्यले सिरिज निर्माण गरिएको निर्देशक तिम्सिनाले बताए । उनका अनुसार 'हरामी'ले घरेलु दर्शकमा सीमित नभई युवा पुस्ताको जीवनशैली, सोच र सम्बन्धलाई केन्द्रमा राखेको छ ।

'प्रत्येक भागमा स्थापित कलाकारलाई समेटेर दर्शकलाई नयाँ सरप्राइज दिने प्रयास गरेका छौँ', उनले भने, 'विश्वभर वेब सिरिज लोकप्रिय भइरहेका बेला नेपालमा पनि नयाँ प्रयोग गरेका हौं ।'

सिरिजको कथा एउटै फ्ल्याटमा बस्ने तीन जना युवाको जीवन वरिपरि घुम्छ, जहाँ प्रेम, करिअर र सम्बन्धका विभिन्न आयामहरू प्रस्तुत गरिएका छन् । प्रत्येक भागमा फरक विषयवस्तुलाई उठान गर्ने प्रयास गरिएको छ । 'हरामी' निर्माणको प्रेरणाबारे निर्देशक तिम्सिनाले सिरिजका एक पात्र निकुन श्रेष्ठको जीवनबाट आइडिया आएको खुलासा गरे ।

कालिम्पोङबाट नेपाल आउँदा निकुनको घरमा बसेका बेला उनका बुबाआमा अमेरिका रहेका कारण उनी एक्लै बस्दै साथीहरूसँग स्वतन्त्र जीवन बिताइरहेको देखेपछि त्यसैबाट सिरिजको आधार तयार भएको उनले बताए । 'फ्ल्याटमा बस्ने अवधारणा निकुनकै जीवनबाट आएको हो। हरि र मिलन पात्रमा भने मेरा भारतका साथीहरूको जीवन झल्किन्छ', उनले बताए ।

मन प्रोडक्सनसँग आबद्ध निकुन श्रेष्ठ सिरिजका कार्यकारी निर्माता समेत हुन् । यसमा सफल केसी निर्माता र प्रतीक गुरुङ क्रिएटिभ प्रोड्युसर हुन् । यी दुवै फिल्म 'हरि' का लेखक तथा निर्देशक हुन् । सिरिजका नियमित कलाकारमा निकुन श्रेष्ठसँगै ऋषिकेश बस्याल, शशांक बोहरा र रक्षा थापा रहेका छन् ।

## रंगशाला

# 'विश्वकपको ट्रफी नेपालमा आउनु गौरव'

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले टी-२० विश्वकपको ट्रफी नेपाल आउनु देशका लागि गौरवपूर्ण क्षण भएको बताएका छन् ।

राष्ट्रपति भवन शीतल निवासमा आयोजित विश्वकप ट्रफी सार्वजनिकीकरण समारोहमा उनले यस ऐतिहासिक अवसरले नेपाल विश्व क्रिकेटको केन्द्रतर्फ अग्रसर भइरहेको सन्देश विश्वभर फैलाएको धारणा व्यक्त गरे ।

राष्ट्रपति पौडेलले भने, 'नेपाल आज खेलप्रेमी राष्ट्रको रूपमा सशक्त रूपमा स्थापित हुँदै गएको छ । क्रिकेटले देशलाई एकतामा बाँध्ने महत्वपूर्ण भूमिका निर्वाह गरेको छ, यसको व्यावसायिक विकाससँगै खेल क्षेत्रमार्फत नेपाली युवाको उज्ज्वल भविष्य निर्माण हुने आधारसमेत सुदृढ बन्दै गएको छ ।'




उनले खेल क्षेत्रमा आवश्यक संरचना, अवसर र सम्भावनाहरू क्रमशः विकास हुँदै जानु नेपालका लागि सकारात्मक संकेत भएको धारणा राखे । राष्ट्रपति पौडेलले नेपालमा विश्वकप ट्रफी ल्याई नेपाली क्रिकेट र जनताको उत्साह एवं आत्मविश्वास अभिवृद्धि गर्ने काम गरिएकामा अन्तरराष्ट्रिय क्रिकेट परिषद्प्रति धन्यवाद व्यक्त गरे ।

उनले नेपालमा आयोजना हुन गइरहेको महिला विश्व कप छनोट प्रतियोगिता तथा भारत र श्रीलंकामा आयोजना हुन गइरहेको टी-२० विश्वकपमा सहभागी हुने महिला तथा पुरुष राष्ट्रिय क्रिकेट टोलीलाई उत्कृष्ट प्रदर्शनका लागि शुभकामना व्यक्त गरे ।

**Purchaudi Municipality**
**Office of the Municipal Executive**
**Hat, Baitadi**
**Sudurpaschim Province, Nepal**

**Bid Amendment For Notice no. 03/2082/083**

**Date of Publication: - 2082/09/22(Jan 6, 2025)**

1. This notice is published for all eligible bidders for Construction & Upgrading of Rujkot-Talladehi Sadak Purchaudi Municipality 8 & 9 Baitadi Contract ID:- PNP/BTD/NCB/Work/03/2082/083 first publication date: 2082/08/21 (07 Dec, 2025), the amendments have been made in the biding document Section II Bid Data Sheet for last Submission deadline and open date, Section III:- Evaluation and Qualification Criteria 2.4.2 Specific Construction Experience (b) Construction Experience In Key Activities
2. Eligible Bidders may obtain further information at the Purchaudi Municipality, Office of the Municipal Executive Hat, Baitadi, and inspect the Bidding Documents from PPMO e-GP system http/www.bolpatra.gov.np/egp. **E-mail : ito.purchundi@gmail.com/ Phone number 9868782922.**

**Chief Administrative Officer**

## त्रिवेणी कप

# एपिएफ लगातार च्याम्पियन

■ प्रभाव संवाददाता

**लमजुङ–** विभागीय टोली एपीएफ क्लबले ३३औं त्रिवेणी कपको उपाधि रक्षा गरेको छ ।

बेसिसहरस्थित त्रिवेणी रंगशालामा सोमबार सम्पन्न फाइनलमा नाल्माको लाङ्दीदेवी एफसीलाई २-० ले पराजित गर्दै एपीएफले दोस्रोपल्ट उपाधि जितेको हो । योसँगै एपीएफले १२ लाख रूपैयाँ हात पारेको छ । नाल्माले भने ६ लाख रूपैयाँमा चित्त बुझाएको छ ।

गत संस्करणमा पनि एपीएफले वीवाईसी भोटेओडारलाई पेनाल्टी सुटआउटमा ४-३ ले पराजित गर्दै उपाधि हात पारेको थियो ।

यसपल्ट भने एपीएफलाई त्यतिधेरै संघर्ष गर्न परेन । करिब ७ वर्षपछि एपीएफ फर्किएका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले निर्धारित समयमै एपीएफलाई उपाधि चुमाए ।

एपीएफको जितमा युवराज खड्का र प्रदीप लामाले गोल गरे । खेलको ७७औं मिनेटमा युवराजको गोलमार्फ एपीएफले सुरुआती अग्रता लिएको थियो । त्यसको ६ मिनेटपछि नै प्रदीपले गोल गर्दै २-० को सहज जित पक्का गरे ।

योसँगै एपीएफले १२ लाख रूपैयाँ हात पारेको छ । नाल्माले भने ६ लाख रूपैयाँमा चित्त बुझाएको छ । नाल्मा 'ए' डिभिजन लिग च्याम्पियन चर्च बोइज युनाइटेडलाई २-० ले हराउँदै फाइनलमा पुगेको थियो ।

एपीएफले भने लमजुङ मर्स्याङ्दीलाई टाइब्रेकरमा ४-३ ले पाखा लगाएको थियो । खेलको 'म्याच अफ दी म्याच' युवराज घोषित भए । उनले १० हजार रूपैयाँ हात पारे ।

व्यक्तिगत विधातर्फ एपीएफले एकलौटी सफलता जमायो । सर्वाधिक गोलकर्ता प्रदीप लामा र समीर थोकर घोषित भए । यी दुईले समान ३ गोल गरे । उत्कृष्ट गोलकिपर एन्ज श्रेष्ठ र प्रतियोगिताको उत्कृष्ट खेलाडी सन्तोष खत्री रहे । सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलकिपरले समान २५ हजार रूपैयाँ प्राप्त गरे ।

**Roshi Rural Municipality**
**Roshi-07, Kavre**
**Bagmati Province, Nepal**

**NOTICE FOR TENDER PUBLICATION**

**Date of Publication: 2082/09/22**

This is to notify that online invitation for bids published for following project listed in the E-GP System (https://bolpatra.gov.np/egp) of government of Nepal ,Bidders can only bid electronically. For further details bidders are requested to visit the project office at Roshi-7, Kavrepalanchok or PPMO' Website https://bolpatra.gov.np/egp

**Contract Details**

| Name Of Project | Contract ID | Estimate Amount (With VAT and PS) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| Sinkilek Samudayik Swasthya Akai Sudridhikaran, Roshi 6 | RRM/SSSA/W/NCB/13-2082/83 | 14,55,878.80 | 38,000.00 | 1000 |
| Tallo Dandakharkha Khanepani Ayojana, Roshi-10 | RRM/TDKA/W/NCB/14-2082/83 | 24,25,394.68 | 63,000.00 | 3000 |

**Chief Administration Officer**



इण्डोनेसियाको बान्टेन प्रान्तको टांगेराङस्थित एउटा मलमा ट्राम्पोलिन व्यायाममा भाग लिँदै मानिसहरू । *तस्बिर: सिन्ह्वा*

# बंगलादेशमा हसिना शासनकालमा २८७ जनाको मृत्यु



**ढाका–** बंगलादेशमा अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाको शासनकालमा भएका जबर्जस्ती अपहरणका घटनामा कम्तीमा २८७ जनाको मृत्यु भएको आशंका गरिएको छ । सरकारद्वारा गठित एक अनुसन्धान आयोगले एक हजार ५६९ अपहरण घटनाको छानबिन गर्दा तीमध्ये २८७ जना मृत मानिएको जनाएको हो ।

आयोगका अनुसार मृतकहरूको शव ढाकाको बुरिगंगा नदीलगायत विभिन्न नदीमा फ्याँकिएको तथा सामूहिक चिहानमा गाडिएको हुन सक्ने अनुमान गरिएको छ । विभिन्न स्थानमा चिह्न नलगाइएका चिहानहरू फेला परेको आयोगले जनाएको छ ।

आयोगको अन्तिम प्रतिवेदनमा सुरक्षा निकायहरूले शेख हसिना र उनका शीर्ष अधिकारीहरूको निर्देशनमा काम गरेको उल्लेख छ । अपहरणमा परेकामध्ये धेरैजसो हसिनाविरुद्ध रहेका जमात-ए-इस्लामी र बंगलादेश नेशनलिस्ट पार्टी (बिएनपी) का सदस्य रहेको प्रतिवेदनले जनाएको छ ।

संयुक्त राष्ट्रसंघका अनुसार सत्ता जोगाउन गरिएको दमनका क्रममा करिब एक हजार ४०० जनाको ज्यान गएको थियो । हसिनालाई मानवताविरुद्धको अपराधमा अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइएको छ । *रासस/एएफपी*

# अमेरिकी कारबाहीले भेनेजुएला संकट गहिरिँदै

## संयमता अपनाउन इयूको आग्रह

**ब्रसेल्स–** युरोपेली संघ (इयू) ले भेनेजुएलामा थप तनाव नबढोस् भन्नका लागि सबै पक्षलाई 'शान्ति र संयम' अपनाउन आग्रह गरेको छ । यो अपिल संयुक्त राज्य अमेरिकाले भेनेजुएलाविरुद्ध सैन्य कारबाही गरेपछि आएको हो ।

इयूका उच्च प्रतिनिधिद्वारा जारी वक्तव्यमा अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसंघको बडापत्र 'सबै अवस्थामा पालना हुनुपर्ने' उल्लेख गरिएको छ । साथै संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्का सदस्य राष्ट्रहरूमाथि ती सिद्धान्तहरूको रक्षा गर्ने विशेष जिम्मेवारी रहेको पनि वक्तव्यमा भनिएको छ ।

युरोपेली बाह्य कार्य सेवा (इइएएस) ले सार्वजनिक गरेको पाठअनुसार, हंगेरीबाहेक २६ इयू सदस्य राष्ट्रहरूले उक्त वक्तव्यलाई समर्थन गरेका छन् । यसअघि शनिबार संयुक्त राज्य अमेरिकाले भेनेजुएलामाथि ठूलो स्तरको आक्रमण गरी त्यहाँको राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नीलाई कब्जामा लिएको थियो ।

### दक्षिण अफ्रिकी संगठनहरूद्वारा कडा निन्दा

दक्षिण अफ्रिकाका विभिन्न राजनीतिक, नागरिक समाज र श्रम संघ संगठनहरूले भेनेजुएलामा अमेरिकाको सैन्य कारबाहीको कडा निन्दा गरेका छन् । उनीहरूले यसलाई अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघन भएको बताएका छन् ।

शनिबार जारी विज्ञप्तिमा दक्षिण अफ्रिकी कम्युनिस्ट पार्टीले अमेरिकी प्रशासनद्वारा भेनेजुएलामा भएको 'सैन्य आक्रमण' लाई 'आपराधिक' भनेको छ । पार्टीका अनुसार यो आक्रमण अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसंघको चार्टरको स्पष्ट उल्लंघन हो ।

पार्टीले भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नीको अपहरणलाई 'अन्तर्राष्ट्रिय डकैती' को रूपमा वर्णन गरेको छ । अमेरिका शनिबार भेनेजुएलामा सैन्य कारबाही सञ्चालन गरेको थियो, जसमा मादुरो र उनकी पत्नी पक्राउ परेर भेनेजुएलाबाट बाहिर लगिएका छन् ।

पार्टीका अनुसार अमेरिकी कारबाही लामो समयदेखि भेनेजुएलाविरुद्धको धम्की र सत्रुतापूर्ण वक्तव्यको परिणति हो । यसले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा खतरा र लाखौं नागरिकको जीवन जोखिममा पारेको छ । अमेरिकी प्रशासनको उद्देश्य भेनेजुएलाका रणनीतिक स्रोतहरू नियन्त्रणमा राखेर आफ्नो इच्छानुसारको शासन स्थापना गर्नु रहेको पार्टीले जनाएको छ ।

संगठनले भेनेजुएलाको जनता, क्षेत्र र स्वतन्त्रताको रक्षा गर्ने अधिकारको समर्थन गरेको छ । त्यसैगरी, नागरिक समाजको समूहले संयुक्त विज्ञप्तिमा अमेरिकी बमबारीको निन्दा गरेका छन् । उनीहरूले भनेका छन्, 'यस सैन्य आक्रमणले भेनेजुएलाको सार्वभौमिकता र क्षेत्रीय अखण्डता माथि अवैध हस्तक्षेप गरेको छ र यो संयुक्त राष्ट्रसंघको चार्टरको स्पष्ट उल्लंघन हो । सबैभन्दा महत्त्वपूर्ण कुरा, यो भेनेजुएलाका जनताविरुद्धको आक्रमण हो ।'

उनीहरूले भेनेजुएलालाई यसको तेल स्रोतको कारण लक्षित गरिएको र यसको निर्वाचित सरकारलाई आफ्नो इच्छानुसारको शासनमा बदल्न खोजिएको बताएका छन् । 'हामी दक्षिण अफ्रिकीको हैसियतमा विश्वभरका शान्ति प्रेमीहरूसँग मिलेर भेनेजुएलामा हस्तक्षेप रोक्न र अमेरिकी आक्रमण अन्त्य गर्न आह्वान गर्छौं ।'

यसैगरी, दक्षिण अफ्रिका श्रम संघ महासंघले पनि अमेरिकी अवैध सैन्य हस्तक्षेपको कडा निन्दा गरेको छ । यस संघका अनुसार, 'यो कूटनीति होइन, कानुन पालन होइन र लोकतन्त्र प्रवर्द्धन होइन । यो नग्न आक्रमण, शासन परिवर्तन युद्ध र साम्राज्यवादको आपराधिक नीति हो ।' दक्षिण अफ्रिकाको मजदुर संघले विश्वभरका प्रगतिशील शक्तिहरूलाई अमेरिकी आक्रमणको निन्दा गर्न आह्वान गरेको छ । यस संघले संयुक्त राष्ट्रसंघलाई भेनेजुएलासँग उभिनुपर्नेमा जोड दिएको छ ।

### ३२ क्युबाली अधिकारीको मृत्यु

क्युबाली सरकारले भेनेजुएलामा अमेरिकी सैन्य कारवाहीमा ३२ जना आफ्नो सेना र प्रहरी अधिकारीको मृत्यु भएको पहिलोपटक आधिकारिकरूपमा पुष्टि गरेको छ ।

क्युबाली अधिकारीहरू भेनेजुएलाको सरकारको अनुरोधमा त्यहाँ सुरक्षा र सैन्य कार्यमा संलग्न थिए । क्युबाली सरकारी टेलिभिजनमार्फत जारी विज्ञप्तिमा भनिएको छ, 'हाम्रा नागरिकहरूले आफ्नो जिम्मेवारी इमानदारी र वीरतापूर्वक पूरा गरे । उनीहरूले प्रत्यक्ष लडाइँ वा सुविधामा भएको बमबारीमा ज्यान गुमाए । उनीहरूले आफ्नो कर्तव्य सम्मानपूर्वक निर्वाह गरे ।'

घटनापछि क्युबाले दुई दिनको राष्ट्रिय शोक घोषणा गरेको छ । हाभानामा सार्वजनिक कार्यक्रम र सरकारी समारोहहरू स्थगित गरिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने, 'अर्को पक्षमा धेरै जनाको मृत्यु भयो, तर हाम्रो पक्षमा कोही मरेको छैन ।' यसले अमेरिकी अभियानको सफलता र पक्षपातरहित रहनुपर्ने नीति स्पष्ट पार्ने प्रयासको संकेत गर्दछ ।

यो अभियान भेनेजुएलामा राष्ट्रपति निकोलस मादुरोको नियन्त्रणमा रहेका स्थानहरूमा सञ्चालन गरिएको थियो, र मादुरोलाई नियन्त्रणमा लिएर अमेरिका ल्याउने उद्देश्य थियो । क्युबा र भेनेजुएला लामो समयदेखि नजिकका राजनीतिक र सैन्य सहयोगी रहेका छन् । क्युबाले भेनेजुएलामा सुरक्षा, सेना र प्रहरी अधिकारी पठाउँदै आएको छ । यस घटनाले क्युबाली सैनिकहरूको भूमिकालाई अन्तर्राष्ट्रिय ध्यानमा ल्याएको छ । विश्लेषकहरूले यस घटनालाई अमेरिकी-क्युबा-भेनेजुएला सम्बन्धमा नयाँ तनावको संकेत भएको टिप्पणी गरेका छन् । आगामी दिनमा क्युबाली सरकारको प्रतिक्रिया र अमेरिकी प्रशासनको रणनीति विशेष निगरानीको विषय बन्ने अपेक्षा गरिएको छ । *रासस/सिन्ह्वा/एपी*




## 'भेनेजुएलासम्बन्धी विषयमा सबै विकल्प खुला'

**वासिङ्टन-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलासँग सम्बन्धित नीतिगत निर्णयमा सबै विकल्प खुला राख्ने नीति अपनाउने अमेरिकी विदेशमन्त्री मार्को रुबियोले बताएका छन् ।

आइतबार सिबिएस टेलिभिजनसँगको अन्तर्वार्तामा रुबियोले राष्ट्रपति ट्रम्प सधैं परिस्थितिअनुसार निर्णय गर्न सकिने लचिलो नीति पक्षधर रहेको उल्लेख गर्दै भेनेजुएलाको अन्तरिम नेतृत्वले आगामी दिनमा लिने कदमहरूलाई अमेरिका ध्यानपूर्वक मूल्यांकन गर्ने बताए ।

शनिबार भएको अमेरिकी सैन्य कारबाहीपछि ट्रम्पले भेनेजुएलामा राजनीतिक संक्रमण प्रक्रिया अमेरिकी अपेक्षाअनुसार अघि नबढेसम्म अमेरिका स्थिति व्यवस्थापनमा संलग्न रहने धारणा सार्वजनिक गरेका थिए । उक्त कारबाहीपछि भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरो हाल न्यूयोर्कमा अमेरिकी हिरासतमा रहेका छन् ।

### संक्रमण प्रक्रियाप्रति अमेरिकी दृष्टिकोण

रुबियोका अनुसार भेनेजुएलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले लिने निर्णय र देखाउने सहकार्यका आधारमा अमेरिकाको आगामी नीति तय हुने छ । भेनेजुएलाको सर्वोच्च अदालतले राष्ट्रपति मादुरो अनुपस्थित भएपछि उपराष्ट्रपति रोड्रिगेजलाई कार्यवाहक राष्ट्रपतिको जिम्मेवारी सम्हाल्न निर्देशन दिएको छ ।

'हामीले अब पहिलेभन्दा बढी सहकार्य र जिम्मेवारीको अपेक्षा गरेका छौं,' रुबियोले भने । उनले आवश्यक परे कूटनीतिक तथा आर्थिक उपायहरू प्रयोग गरिने संकेत पनि दिए, जसमा हाल लागू गरिएको तेलसम्बन्धी प्रतिबन्ध प्रमुख रहेको बताए । अमेरिकी विदेशमन्त्रीले लागुऔषध तस्करी नियन्त्रण गर्नु र अवैध गिरोह गतिविधि रोक्नु अमेरिका का प्रमुख चासोका विषय भएको स्पष्ट पारे ।

भेनेजुएलामा तत्काल निर्वाचनको सम्भावनाबारे सोधिएको प्रश्नमा रुबियोले लामो समयदेखि विद्यमान राजनीतिक संरचनालाई ध्यानमा राख्दा छिटो निर्वाचन अपेक्षा गर्नु यथार्थपरक नहुने बताए । यसैबीच, कार्यवाहक राष्ट्रपति रोड्रिगेजले अमेरिकी कारबाहीप्रति आपत्ति जनाउँदै राष्ट्रपति मादुरो र उनकी पत्नीलाई रिहा गर्न माग गरेकी छन् ।

### सैन्य उपस्थिति र दबाबका उपाय

रुबियोले हाल भेनेजुएलामा अमेरिकी सेना तैनाथ नभएको स्पष्ट पार्दै भविष्यका विकल्पहरू सार्वजनिकरूपमा अस्वीकार नगरिएको बताए । उनका अनुसार अमेरिका हाल तेलसम्बन्धी प्रतिबन्ध र कूटनीतिक दबाबमार्फत आफ्नो प्रभाव प्रयोग गरिरहेको छ । अमेरिकी कदमप्रति अन्तर्राष्ट्रिय समुदायले चिन्ता व्यक्त गरेका छन् । धेरै देशहरूले एक सार्वभौम राष्ट्रमाथि गरिएको बल प्रयोगप्रति असहमति जनाउँदै शान्तिपूर्ण समाधानको आह्वान गरेका छन् । *रासस/सिन्ह्वा*

# बेलायतमा दिउँसोको समयमा 'जंक फूड' को विज्ञापनमा प्रतिबन्ध




**लण्डन–** बेलायतमा सोमबारदेखि लागू भएको नयाँ नियमले दिउँसोको समयमा जंक फुडको टिभी र अनलाइन विज्ञापनहरूमा प्रतिबन्ध लगाएको छ । यसलाई बेलायत सरकारले बाल्यकालको मोटोपनाको सामना गर्न 'विश्वकै अग्रणी कार्य' भनी अर्थ्याएको छ ।

प्रतिबन्ध-चिल्लो पदार्थ, नुन वा चिनीमा उच्च उत्पादनहरूका विज्ञापनहरूलाई लक्षित गर्दै हरेक वर्ष बच्चाहरूको आहारबाट उल्लेख्य क्यालोरीहरू हटाउने अपेक्षा गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । साँझ ९:०० बजे भन्दा पहिले प्रसारण हुने यस्ता विज्ञापनहरू बन्द गर्दै यसले मोटोपनासँग बाँचिरहेका बच्चाहरूको संख्या २० हजारले घटाउने अपेक्षा राखेको मन्त्रालयले जनाएको छ ।

यसको कार्यान्वयन पहिलोपटक डिसेम्बर २०२४ मा घोषणा गरिएको जनाइएको छ । जसमा पूर्वप्याकेज गरिएका वस्तुहरू जस्तै मिल्कशेक, रेडी-टु-गो कफी र मीठो दही पेयपदार्थहरू समावेश छ । स्थानीय अधिकारीहरूलाई विद्यालयबाहिर स्थापना हुने फास्ट फूड पसलहरू रोक्ने अधिकार पनि दिइएको छ ।

सरकारले विज्ञापनले बच्चाहरूलाई प्रभावित पारी कम उमेरदेखि नै जंक फुड खान प्रेरित गरी मोटोपना र सम्बन्धित रोगहरूको जोखिम बढाउँने तर्क प्रस्तुत गरेको छ । यसले इंग्ल्याण्डमा प्राथमिक विद्यालय सुरु गर्ने पाँच वर्ष उमेरका २२ प्रतिशत बालबालिकाहरूमा अधिक तौल वा मोटो पनले ग्रसित हुने र माध्यमिक विद्यालयमा पुग्दासम्म प्रभाव झनै बढी हुने गरेको जनाइएको छ ।

अधिकारीहरूका अनुसार सामान्यतया पाँचदेखि नौ वर्ष उमेरका साना बच्चाहरू दाँतको समस्या समाधानका लागि बेलायतको अस्पतालमा भर्ना हुने गरेका छन् । 'राति ९ बजेभन्दा पहिले जंक फूडका लागि विज्ञापनहरू प्रतिबन्धित गरी अस्वस्थकर खानाहरूको अत्यधिक जोखिम हटाउने स्वास्थ्यमन्त्री एशले डाल्टनले विज्ञप्तिमार्फत जनाएका छन् ।

उनले यो कदम राज्य-वित्त पोषित राष्ट्रिय स्वास्थ्य सेवा (एनएचएस) लाई रोगको रोकथामका साथै उपचारमा ध्यान केन्द्रित गर्ने रणनीतिको एक हिस्सा भएको बताउँदै मानिसहरूले स्वस्थ जीवन बिताउन सकून् भन्ने अभिप्रायले गरेको बताएका छन् ।

ओबेसिटी हेल्थ एलायन्सका कार्यकारी निर्देशक क्याथरिन जेनरले यो कदम बच्चाहरूलाई उनीहरूको स्वास्थ्यलाई हानि पुऱ्याउने अस्वस्थकर खाना र पेयपदार्थको विज्ञापनबाट संरक्षण गर्ने दिशामा स्वागतयोग्य र लामो समयदेखि प्रतीक्षा गरिएको विषय भएको बताएका छन् । परोपकारी संस्था 'मधुमेह बेलायत' ले पनि विज्ञापन प्रतिबन्धलाई स्वागत गरेको छ । *रासस/एएफपी*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २६५००० | प्रति तोला – ० | प्रति तोला – ४६८५ |



कीटनाशक औषधि | हेटौंडा उपमहानगरपालिका–१५ पिप्लेमा तोरी बालीमा रोग किराको प्रकोप देखिएपछि कीटनाशक औषधि छर्किंदै किसान ।

*तस्बिर: राजु विश्वकर्मा/रासस*

# दोस्रो राष्ट्रिय आर्थिक गणना गरिँदै

## चैतदेखि असारसम्म देशैभर तथ्यांक संकलन गरिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** देशको समग्र आर्थिक अवस्थाको तथ्यांकीय माध्यमबाट यथार्थ चित्र प्राप्त गर्न सरकारले दोस्रो राष्ट्रिय आर्थिक गणना, २०८२ सञ्चालन गर्ने भएको छ। राष्ट्रिय आर्थिक गणना, २०८२ को कार्यतालिका, लोगो र नारा सार्वजनिक गर्न सोमबार आयोजित कार्यक्रममा राष्ट्रिय तथ्यांक कार्यालयले आगामी वर्षको असारसम्म तथ्यांक संकलन सम्पन्न गर्ने लक्ष्य लिएको जानकारी गराएको हो ।

'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नाराका साथ जिल्लास्तरमा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरी २०८२ चैत १ देखि २०८३ असार मसान्तसम्म देशैभर तथ्यांक संकलन सम्पन्न गर्ने लक्ष्य लिएको छ ।

कार्यालयका प्रवक्ता तथा उपप्रमुख तथ्यांक अधिकारी ढुण्डिराज लामिछानेका अनुसार गणनाबाट प्राप्त विवरणका आधारमा आर्थिक वर्ष २०८३/८४ को सुरु अवधिदेखि नै यसका नतिजाहरू क्रमशः सार्वजनिक गरिने छ। उनका अनुसार यो गणना मुलुकको आर्थिक नीति, योजना तथा विकास रणनीति निर्माणका लागि आधारभूत र भरपर्दो तथ्यांक उपलब्ध गराउने महत्वपूर्ण कार्यका रूपमा रहेको छ ।

राष्ट्रिय आर्थिक गणनाबाट उद्योग, व्यापार, व्यवसाय, सेवा क्षेत्र, सहकारी तथा निजी-सार्वजनिक संस्थाहरूको संख्या, प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण संकलन गरिने मूल उद्देश्य लिइएको तथ्यांक अधिकारी लामिछानेको भनाइ छ ।

गणनाको उद्देश्य र महत्त्वबारे प्रकाश पार्दै प्रमुख तथ्यांक अधिकारी डा कमलप्रसाद पोखरेलले आर्थिक तथ्यांकको संस्थागत मजबुत आधार निर्माणमा यो गणनाले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले भने, 'राज्यले तय गर्ने अल्पकालीन तथा दीर्घकालीन आर्थिक योजना, लगानी प्रवर्द्धन र रोजगारी सिर्जनामा आवश्यक महत्वपूर्ण योगदान पुऱ्याउने र विवरण प्राप्त गर्ने अपेक्षा गरिएको छ। यो गणना देशको आर्थिक तथ्यांकको विश्वसनीय पद्धति विकासको आधारस्तम्भका रूपमा लिइएको छ ।'

▸▸ "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने मूल नाराका साथ जिल्लास्तरमा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरी २०८२ चैत १ देखि २०८३ असार मसान्तसम्म देशैभर तथ्यांक संकलन सम्पन्न गर्ने लक्ष्य लिएको छ ।

यस गणनाका आधारमा देशको कुल गार्हस्थ्य उत्पादनका अनुमानहरू सुदृढीकरण गर्ने, राष्ट्रिय लेखाका आधार वर्ष परिवर्तन गर्न आवश्यक तथ्यांक उत्पादन गर्ने र सरकारले तय गर्ने नीतिनिर्माण र योजना तर्जुमा गर्न तथा नीतिमार्फत लिएका लक्ष्यहरूको मापनमा सहयोग गर्ने अन्य उद्देश्य रहेका छन् ।

सरकारले २०७५ सालमा पहिलो राष्ट्रिय आर्थिक गणना सम्पन्न गरेको थियो। उक्त तथ्यांकमा देशैभर नौ लाख २३ हजार ३५६ प्रतिष्ठान/व्यवसायहरू गणना गरिएका र ती प्रतिष्ठानहरूमा जम्मा ३२ लाख २८ हजार ४५७ मानिसहरू संलग्न रहेका पाइएको थियो। साथै प्रतिष्ठान/व्यवसायहरूमा करिब ३० प्रतिशत महिला व्यवस्थापक रहेका विवरणहरू सार्वजनिक भएका थिए भने उक्त गणनाले औपचारिक र अनौपचारिक प्रतिष्ठानहरूको संख्या बराबरी जस्तो रहेको देखाएको थियो।

देशको अर्थतन्त्रको आकार तय गर्ने प्रयोजनका लागि समग्र आर्थिक क्रियाकलापहरूलाई अन्तरराष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार २१ भागमा विभाजन गरी ती क्षेत्रले अर्थतन्त्रमा पुऱ्याएको योगदान मापन हुँदै आएको छ । यस राष्ट्रिय आर्थिक गणनामा ती २१ वटा वर्गीकरणमध्ये विभिन्न १८ वटा क्षेत्रको आधारभूत विवरण संकलन गरिनेछ ।

गणनामा देशैभर रहेका दर्ता भएका/नभएका ठूला वा साना व्यापार/प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार मात्रै भएका, उद्योग, कलकारखाना, व्यापार-व्यवसाय, गैरसरकारी संघसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताल आदि आर्थिक क्रियाकलाप गरिरहेका एकाइमा गणना सञ्चालन गरिनेछ ।

यद्यपि अन्तरराष्ट्रिय संघसंस्था, कूटनीतिक नियोग, प्रशासनिक क्रियाकलाप र नियमनकारी कार्य गर्ने सरकारी कार्यालय, सुरक्षा निकायहरू, सामान्य घरायसी क्रियाकलाप गरिने कार्य र क्षेत्र भने यो गणनामा समेटिने छैन ।

प्रवक्ता लामिछानेका अनुसार यस गणनामा २०८२ को फागुनसम्म गणनाको पूर्वतयारीका सम्पूर्ण कार्यहरू सम्पन्न गरी चैत १, २०८२ देखि देशैभरका ७७ जिल्ला र सात थप गरी ८४ वटा जिल्ला आर्थिक गणना कार्यालयहरू स्थापना गरिनेछ। यसका साथै २०८३ को असार मसान्तसम्ममा सबै कार्यालयहरू बन्द गरिनेछ । गणनाका लागि मुख्य प्रश्नावली, अधिकृत पुस्तिका, गणना पुस्तिका लगायतका गणना सामग्री निर्माणको कार्यलाई सञ्चालन गरिएको छ।

विसं २०८२ फागुन मसान्तसम्म केन्द्रस्तरमा जनशक्ति व्यवस्थापनका कार्यहरू गरिनेछ भने जिल्लामा रहने जिल्ला आर्थिक गणना कार्यालयमा स्थायी कर्मचारी र स्थलगत कार्यका लागि करारमा सुपरिवेक्षक तथा गणक खटाउने व्यवस्था गरिएको छ।

# 'कृषिमा युवा पलायन सबैभन्दा ठूलो चुनौती'

■ प्रभाव संवाददाता

**नेपालगञ्ज –** कृषि तथा पशुपन्छी विकासमन्त्री डा. मदन परियारले कृषि क्षेत्रमा देखिएको युवा पलायन सबैभन्दा ठूलो चुनौती भएको बताएका छन् ।

नेपालगञ्जमा दुई दिनदेखि सञ्चालन भएको उच्च मूल्य कृषिवस्तु उत्थानशिल कार्यक्रमको समापनमा मन्त्री डा. परियारले वैदेशिक रोजगारीका लागि युवाको पलायन चिन्ताजनक रहेको उल्लेख गरे। स्थानीय तहलाई कृषिमा उच्च प्राथमिकतामा दिन आग्रह गर्दै उहाँले स्थानीय तहको बजेट नियाल्दा कृषिलाई बजेटमा कम महत्व दिएको बताए ।

'स्थानीय तहको भौतिक संरचनामा बढी लगानी देखिएको छ तर कृषि जस्तो महत्वपूर्ण क्षेत्र प्राथमिकतामा परेको छैन', मन्त्री डा. परियारले भने । उनले कृषिमा प्रविधि महिलामैत्री नभएकामा जोड दिँदै नेपालको कृषि नीतिले समावेशीकरणलाई जोड दिन आवश्यक भएको धारणा व्यक्त गरे । कृषि क्षेत्रको विकासका लागि तीन तहका सरकारले मिलेर काम गर्नुपर्नेमा जोड दिँदै मन्त्री डा. परियारले स्थानीय तहमा देखिएका कृषिका समस्या पहिचान गर्न कार्यक्रम फलदायी भएको बताए ।

कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले अहिलेको संविधानको सुन्दर पक्ष स्थानीय तहको अधिकार भएकामा जोड दिँदै स्थानीय तहले यसलाई कार्यान्वयनमा लैजानुपर्ने बताए । उनले कर्णाली प्रदेशले कृषि विकासको दिगो योजना बनाउन सबै कानुन निर्माण गरेको जानकारी दिँदै कृषिमा परागशेचन रणनीति निर्माण हुन लागेको बताए ।

सुदूरपश्चिम प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापाले तीन तहका सरकार सहभागी हुने यस परियोजनाबाट लक्षित समुदाय लाभान्वित हुनुपर्नेमा जोड दिँदै नीतिलाई प्राथमिकता दिँदा दिगोपन आउन कठिनाई हुने गरेको बताए । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका २१ जिल्लाका ८० स्थानीय तहमा स्थानीय कृषि पारिस्थितीकीय अवस्था, बजार सम्भाव्यता र जलवायु उत्थानशील क्षमताको आधारमा उच्च मूल्य भएका कृषिवस्तुको पहिचान र प्रवर्द्धनमा यस परियोजनाले जोड दिएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठले ४० प्रतिशत रैथाने किराका जात लोप हुन थालेकामा चिन्ता व्यक्त गर्दै नेपालमा प्रमुख अन्नबालीको आयातमा निर्भरता बढेको बताए । उच्च मूल्य कृषिवस्तु उत्थानशिल कार्यक्रम २०८१ सालमा नेपाल सरकार र कृषि विकासका लागि अन्तरराष्ट्रिय कोषबीच भएको वित्तीय सम्झौता हो । सो अभिमुखीकरणमा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका २१ जिल्लाका नगरप्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षलगायत सहभागी थिए ।

# नेपालको रेशम उद्योग पुन:जागरणका लागि राष्ट्रिय पहलको खोजी गरिँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको रेशम उद्योग पुन:जागरणका लागि राजधानीमा राष्ट्रिय रेशम सम्मेलन आयोजना हुने भएको छ । ह्याण्डलुम फ्याब्रिक्स मेकर्स अफ नेपाल र रेशम विकास केन्द्रको संयुक्त आयोजनामा यही पुस २६ मा सम्मेलन हुन लागेको यहाँ आयोजित पत्रकार भेटघाटमा जानकारी दिइयो ।

नेपालको रेशम उद्योगलाई रणनीतिक, उच्च मूल्य अभिवृद्धि हुने र दिगो राष्ट्रिय उद्योगका रूपमा पुन:स्थापित गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको ह्याण्डलुम फ्याब्रिक्सका अध्यक्ष रोशकुमार पोखरेलले जानकारी दिए । सम्मेलनमा सरकार, निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, लगानीकर्ता, गैरआवासीय नेपाली, विकास साझेदार, कृषक, सहकारी, उद्यमी तथा निर्यातकर्तालाई एकै मञ्चमा एकत्रित गरिने उनले बताए ।

सम्मेलनमा 'नेपालमा दिगो रेशमखेतीको आधार स्थापना, नेपालको मूल्य अभिवृद्धि रेशम उत्पादन पारिस्थिति प्रणालीको निर्माण र नेपाल रेशम भिजन २०२६-२०३५ को लागि सक्षम रेशम पारिस्थितिक प्रणालीको निर्माणसम्बन्धी सत्र सञ्चालन हुने कार्यसूची छ ।

'देशमा हाल रेशम उद्योग सञ्चालनमा छैन, यसको कारण सम्भावनाको अभाव होइन, दीर्घकालीन उपेक्षा, विखण्डन र लगानीको कमी हो, विश्वबजारमा दिगो तथा प्राकृतिक वस्त्रको माग बढिरहेका बेला अब रेशमलाई वेवास्ता गर्न सकिँदैन', अध्यक्ष पोखरेलले भने, 'रेशम विश्वकै उच्च मूल्य हुने कृषि-औद्योगिक उत्पादनमध्ये एक हो । यसको उत्पादनबाट उच्च आम्दानी, न्यून कार्बन उत्सर्जन, महिलामुखी तथा ग्रामीण रोजगारी, कच्चा पदार्थभन्दा मूल्य अभिवृद्धि भएको निर्यात सामग्रीलगायत फाइदा लिन सकिने छ ।'

करिब २२ हजार हेक्टर क्षेत्रमा किम्बु (मुलबेरी) खेती, रेमश किरापालन, धागो उत्पादन, बुनाइ र वस्त्र निर्माणलाई एकीकृत रूपमा विकास गर्न सके वार्षिक रु पाँच खर्ब बराबरको आर्थिक मूल्य सिर्जना गर्न सकिने सम्भावना रहेको ह्याण्डलुम फ्याब्रिक्सले जनाएको छ ।

एकीकृत मूल्य शृंखलाको अभाव, नीतिगत प्राथमिकताको कमी, वित्तीय पहुँच र बिमाको अभाव, प्रविधि तथा सीपको कमी, बजार तथा निर्यात संयन्त्रको अभावलगायत कारण रेशम उद्योग संकटमा पर्दै गएको पत्रकार सम्मेलनमा उल्लेख गरिएको थियो । सोही समस्या समाधानमा सरोकार भएकाहरूको ध्यानाकृष्ट गर्ने लक्ष्यका साथ सम्मेलन आयोजना गरिएको ह्याण्डलुम फ्याब्रिक्सका अध्यक्ष पोखरेलको स्पटोक्ति छ ।

सम्मेलनमा नेपालको रेशम विकासको १० वर्षे ढाँचा (२०२६-२०३५) को अवलम्बन, 'क्लस्टर'मा आधारित किम्बुखेती र रेशम किरापालन, विशेष वित्तीय, व्यापारिक तथा बिमा संयन्त्र, प्रविधि हस्तान्तरण र सीप विकास, एकीकृत 'नेपाल सिल्क ब्राण्डिङ' र बजार पहुँचलगायत विषयमा छलफल हुने जनाइएको छ ।

सम्मेलनबाट रेशमलाई रणनीतिक राष्ट्रिय उद्योगको मान्यता, सरकारलाई नीतिगत सिफारिस, लगानी तथा वित्तीय प्रतिबद्धता, किसान, सहकारी, लगानीकर्ता र निर्यातकर्ताबीच नयाँ साझेदारी, राष्ट्रिय तथा अन्तरराष्ट्रिय मिडियामार्फत जनचेतना अभिवृद्धि हुने अपेक्षा गरिएको ह्याण्डलुम फ्याब्रिक्सका उपाध्यक्ष रामलाल श्रेष्ठले जानकारी दिए ।

# अण्डाको मूल्य घट्यो

**चितवन (प्रस)–** क्रमशः अण्डाको मूल्य घटेको छ । नेपाल लेयर्स कुखुरापालक संघले फार्महरूसँग लिएको मूल्यलाई एकीकृत गरी भोलिदेखि लागू हुने गरी अण्डामा प्रतिक्रेट रु ९० घटाएको जनाए हो ।

फार्ममा ठूलो अण्डा रु ५६५ प्रतिक्रेट (३० वटाको) पुगेको अण्डाको मूल्य घटेर रु ४७५ मा झरेको हो । यस्तै, मिडियम अण्डाको प्रतिक्रेट रु ५५० बाट रु ४६० मा झरेको संघले जनाएको छ । संघका अध्यक्ष विनोद पोखरेलका अनुसार ठूला फार्म बाट दररेट लिएर समर्थन मूल्य तोकिएको हो । यससँगै उपभोक्ता मूल्य प्रतिगोटा रु २५ बाट रु २० मा झारिएको छ । बढ्दो जाडोसँगै अण्डाको मूल्य राम्रो पाइने आशामा कुखुरा बिक्री नगरी अण्डा उत्पादन गरिरहेकालगायत कारणले मूल्य घटेको हो ।

# २८ अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २८ दशमलव ७३ अंकले बढेर दुई हजार ६३९ दशमलव ३७ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव १० प्रतिशतको वृद्धि हो । सोमबार ३३५ कम्पनीको एक करोड २४ लाख ५९ हजार ९५१ कित्ता सेयर ८४ हजार ९९० पटक खरिदबिक्री हुँदा रु ६ अर्ब ४७ करोड ३७ लाख ३६ हजार ९९ बराबरको कारोबार भएको छ ।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह तीन दशमलव ०५, विकास बैंक समूह दुई दशमलव ७० र होटल तथा पर्यटन समूह दुई दशमलव ५३ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ६७, वित्त शून्य दशमलव ८३, जीवन बीमा शून्य दशमलव ४९, जलविद्युत् एक दशमलव १४, लगानी एक दशमलव २५, लघुवित्त शून्य दशमलव ५३, म्युचुअल फण्ड शून्य दशमलव ४३, निर्जीवन बीमा शून्य दशमलव ५७, व्यापार शून्य दशमलव २२ र अन्य समूह शून्य दशमलव शून्य दशमलव ७३ प्रतिशतले बढेको छ ।

सागर डिस्टिलरी लिमिटेड, एसवाई प्यानल नेपाल लिमिटेड, श्रीनगर एग्रीटेक एन्डस्ट्रीज लिमिटेड, बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेड र रुरु जलविद्युत् परियोजना लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

सबैभन्दा धेरै घट्नेमा भने स्टाण्डर्ड चार्टर्ड बैंक लिमिटेड डिबेन्चर दुई दशमलव ४९ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै शिवम सिमेन्ट लिमिटेडको रु ३८ करोड ६९ लाख ५० हजार ३४७ बराबरको छ लाख २२ हजार ८४० कित्ता सेयर किनबेच भएको छ ।


## जुगल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति :- २०८२/०९/२१

यस जुगल गाउँपालिकाको कार्यालय, बराम्ची सिन्धुपाल्चोकवाट मिति २०८२/०८/०५ र १५ गतेको राजधानी राष्ट्रिय दैनिक र अन्नपुर्ण राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको सूचना वमोजिम पेश भई मिती २०८२/०९/०६ र १५ गते दिनको १:०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिएकोमा रितपुर्बक प्राप्त हुन आएका वोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने भएकाले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | छनौटका लागि सिफारिस भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, PS Item र सहित) |
|---|---|---|---|---|
| १ | JRM/NCB/WORKS/ 09/082-83 | Construction Works of chanaute jhirgau wanguje Sadak, Jugal- 5 | श्री Wanguje Nirman Sewa, Jugal- 5, Sindhupalchok | रु. ३४,२०,३१०।८८ |
| २ | JRM/NCB/WORKS/ 10/082-83 | Construction Works of Seti Devi ma bi Bhawan Nirman, Jugal- 3 | श्री Surya & temba Construction pvt ltd, Jugal- 3, Sindhupalchok | रु. ४०,९१,९३६।०८ |
| ३ | JRM/NCB/WORKS/ 11/082-83 | Construction Works of jugal View point tatha saskritik Kendra, Jugal- 2 | श्री Jugal RP construction & suppliers pvt ltd, Jugal- 2, Sindhupalchok | रु. ४३,६३,५६७।०८ |
| ४ | JRM/NCB/WORKS/ 12/082-83 | Construction Works of jugal Mini rangasala thap samrachana Nirman, Jugal- 1 | श्री Siddhartha Nirman sewa, Jugal- 5, sindhupalchok | रु. ६०,६४,४६२।६३ |

प्रमुख प्रशासकीय अधिकृत


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ